## दीपावली मनाउँदा ध्यान दिऔं

- दियो, मैनबत्ती बाल्दा आगोले टिप्ने सामान नजिक नराखौं,
- मैनबत्ती, दियो बालिसके पछि ननिभेसम्म निगरानी गरौं,
- यस्तो समयमा विद्युत सट भई आगो लाग्ने सम्भावना भएकोले सचेत बनौं,
- विद्युतीय प्लगको क्षमता अनुसार मात्र बत्तीको प्रयोग गरौं,
- पटाका तथा अन्य प्रज्वलनशील वस्तुको प्रयोग नगरौं।



**आगजनीबाट बचौं र बचाऔं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड



भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६ भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर
The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com



'मजदुर' दैनिक पत्रिका
नियमित पढ्ने गरौं ।
नयाँ ग्राहक बन्न चाहनुहुने महानुभावहरूले
मो.नं. ९८०३६८७३२३ मा
सम्पर्क राखी थप जानकारी
प्राप्त गर्न सकिनेछ ।
मजदुर
The Worker Daily दैनिक



★ वर्ष : २८ ★ अङ्क : २८७ ★ ने. सं. ११४६ कौला थ्व, द्वादशी ★ शुक्रबार ★ २० कार्तिक, २०८३ ★ November 6, 2026, Friday ★ मूल्य रु. ५।- ★ पृष्ठ ८


# नयाँ नयाँ सेवा सञ्चालन गर्दै जनतालाई स्वास्थ्य सेवा प्रदान गर्ने कार्यलाई निरन्तरता दिनुपर्ने




भक्तपुर, १९ कार्तिक । नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) ले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पतालमा विशेष नवजात शिशु स्याहार कक्ष (एस.एन.सी.यू.) सेवाको बिहीबार उद्घाटन गर्नुभयो ।

नेपाल संवत् ११४७ तथा छठ पर्वको अवसरमा आयोजित शुभकामना आदानप्रदान कार्यक्रममा अध्यक्ष बिजुक्छेंले उक्त सेवाको उद्घाटन गर्नुभएको हो ।

कार्यक्रममा अध्यक्ष बिजुक्छेंले नयाँ नयाँ सेवा सञ्चालन गर्दै जनतालाई स्वास्थ्य सेवा प्रदान गर्ने कार्यलाई निरन्तरता दिनुपर्ने बताउनुभयो । कुनै पनि संस्था सञ्चालनमा चिकित्सक तथा कर्मचारीहरूको व्यवहार र भूमिकाले महत्त्वपूर्ण प्रभाव पार्ने उल्लेख गर्दै उहाँले सेवाग्राहीको चेतनास्तर फरकफरक हुने भएकोले सबैलाई सहज र समान व्यवहारका साथ सेवा दिनुपर्ने बताउनुभयो ।

गरिब तथा विपन्न नागरिक उपचारका लागि आउने अस्पतालमा सेवाग्राहीको भिड हुनु स्वाभाविक भएको बताउँदै उहाँले अस्पतालमा उपलब्ध सेवा सबैले समान रूपमा प्राप्त गर्ने वातावरण बनाउनुपर्नेमा जोड दिनुभयो । सेवाग्राहीसँग राम्रो व्यवहार गर्न सके अस्पतालको सकारात्मक प्रचार हुने उहाँको भनाइ थियो । भक्तपुरका साथै अन्य स्थानबाट समेत धेरै बिरामी आउने भएकाले अस्पतालका मुख्य स्थानहरूमा विभिन्न भाषा जान्ने र बुझ्ने कर्मचारीको व्यवस्था गर्नुपर्ने उहाँले सुझाव दिनुभयो । ख्वप अस्पतालले भक्तपुरका नागरिकलाई मात्र नभई देशभरिका जनतालाई स्वास्थ्य सेवा प्रदान गरिरहेको उहाँले बताउनुभयो ।

कार्यक्रमका सभापति एवं भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले ख्वप अस्पताल भक्तपुरको महत्त्वपूर्ण संस्था भएको बताउँदै यहाँ कार्यरत सबै चिकित्सक तथा कर्मचारीको मनमा जनताको सेवा गर्ने भावना हुनुपर्ने बताउनुभयो । आफ्नै ठाउँको विकास आफैंले गर्नुपर्छ भन्ने भावनाको उदाहरण ख्वप अस्पताल पनि भएको उहाँको भनाइ थियो ।

जनस्वास्थ्य केन्द्र २०७८ सालदेखि ख्वप अस्पतालका रूपमा विकास हुँदै १०० शय्याको अस्पताल बन्न सफल भएको उल्लेख गर्दै उहाँले अस्पतालको विकासका लागि निरन्तर प्रयास भइरहेको बताउनुभयो । लामो समयदेखिको प्रयासपछि एस.एन.सी.यू. सेवा सञ्चालन भएको बताउँदै उहाँले आगामी दिनमा एमआरआई सेवा सञ्चालन गर्ने लक्ष्यका साथ नगरपालिका अगाडि बढिरहेको जानकारी दिनुभयो ।

मेडिकल कलेज सञ्चालनका लागि ३०० शय्याको अस्पताल आवश्यक पर्ने भएकोले त्यसतर्फ समेत तयारी गर्दै जानुपर्ने उहाँले बताउनुभयो । ख्वप अस्पताल एउटा ब्रान्डका रूपमा विकास भइसकेको उल्लेख गर्दै प्रमुख प्रजापतिले अस्पताललाई अझ व्यवस्थित र सुसूचित ढङ्गले अगाडि बढाउनुपर्ने बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले समाजका लागि अत्यन्त आवश्यक सेवा शुभारम्भ भएकोमा खुसी व्यक्त गर्नुभयो । नेपाल मजदुर किसान पार्टीको मार्गनिर्देशनअनुसार भक्तपुर नगरपालिकाले गर्दै आएका जनमुखी कामहरू उपलब्धिमूलक रहेको बताउँदै उहाँले भक्तपुरमै सुरक्षित प्रसूति सेवा उपलब्ध गराउनुले नागरिकलाई ठुलो सहयोग पुगेको उल्लेख गर्नुभयो । एस.एन.सी.यू. सेवा सञ्चालन अस्पतालको अर्को महत्त्वपूर्ण उपलब्धि भएको उहाँले बताउनुभयो ।

ख्वप अस्पतालका मेडिकल डाइरेक्टर डा. मजेशप्रताप मल्लले


*बाँकी पृष्ठ ८ मा*


# कबड्डी प्रतियोगितामा सहभागी हुन जाने खेलाडीलाई बिदाइ तथा शुभकामना




भक्तपुर, १९ कार्तिक । भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले फो नेसन कप कबड्डी प्रतियोगितामा सहभागी हुन जाने खेलाडीहरूलाई खादा ओढाई बिदाइ तथा शुभकामना व्यक्त गर्नुभयो ।

सो अवसरमा उहाँले खेलकुदमा हारजित स्वाभाविक हुने बताउँदै सफल हुँदा उत्साहित भएर नयाँ-नयाँ काम गर्न र असफल हुँदा त्यसबाट सिक्दै अगाडि बढ्नुपर्ने बताउनुभयो । खेलाडीहरूले खेलकुदमा पूर्ण रूपमा केन्द्रित भई अनुशासित र लगनशील भएर खेल्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

खेलकुदले शारीरिक तथा मानसिक विकाससँगै देशको प्रतिष्ठा बढाउन महत्त्वपूर्ण भूमिका खेल्ने उल्लेख गर्दै खेलाडीहरूले देशको पहिचान र प्रतिष्ठा जोगाउने मात्र नभई ठुला-ठुला युद्ध रोक्नेजस्ता महत्त्वपूर्ण भूमिकासमेत खेल्न सक्ने उहाँले बताउनुभयो ।

बिदाइ कार्यक्रममा युवा तथा खेलकुद समितिका संयोजक श्यामकृष्ण खत्री र भक्तपुर जिल्ला कबड्डी सङ्घका सचिव दिलीप सुवालले पनि शुभकामना दिनुभयो ।

# नेपाललाई कहिलेसम्म ऋणी देश बनाउने ?

काठमाडौं, १९ कार्तिक । कुनै पनि देशभक्त सरकारले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थामा आबद्ध व्यक्तिहरूलाई देशको उच्चस्तरीय तहको उच्च पदमा नियुक्ति गर्दैन । त्यस्तो सरकारले बिचौलियाहरूलाई पनि स्थान दिँदैन । देशलाई सही दिशामा अघि बढाउन सरकारले देशको जनशक्तिलाई जोड दिन्छ । तर, विडम्बना ! रास्वपाको नेतृत्वमा बनेको सरकारले गैरसरकारी संस्थामा आबद्ध र बिचौलियाहरूलाई जोड दिँदै सरकारी निकायमा नियुक्ति गर्ने काम गर्न थाल्यो । दलगत र आफ्नो स्वार्थ पूरा भएपछि देश र जनताको वास्ता नगर्ने सरकारदेखि जनता सचेत हुनुपर्छ । सरकारले आफ्नो दोष लुकाउन अरुलाई दोष दिएर जनताको ध्यान अन्त मोड्ने र जनतामाझ झूटको खेती गरेर भ्रम पैदा गरेर अन्योल पार्ने काम कुनै पनि सरकार र सत्तारुढ दललाई सुहाउँदैन ।

बहुमतको आधारमा कुनै दलले सरकारको नेतृत्व गर्नु अन्यथा होइन । तर, बहुमतको पण्डित्याइँ गरेर संवैधानिक स्वतन्त्रता, प्रेसमाथि ठाडो हस्तक्षेप गरेर शक्तिको दुरूपयोग गर्नु राम्रो सङ्केत होइन । साधारणभन्दा साधारण काम गरेर ठुलो काम गरेको भनी गर्व गर्ने, ठुलठुला सपना बुनेर आश्वस्त पार्ने र नेपाल र नेपालीको भन्दा विदेशी मोहमा फस्ने या पक्षपोषण गर्ने सरकार र सत्तारुढ दलका नेताहरूको बखानले वर्तमान सरकारले


*बाँकी पृष्ठ २ मा*


## 'मजदुर' दैनिक तिहारमा पनि प्रकाशन हुने

# सबैमा सुख, शान्ति र समृद्धिको कामना

देश र जनतामा समर्पित विचारप्रधान 'मजदुर' दैनिक वर्षैभरि प्रकाशित भइरहेको कुरा पाठकहरूमा अवगतै छ । दसैँमा झैं तिहारमा पनि ठुलठुला दैनिक पत्रिकाहरू बन्द हुँदै आएको सबैमा आलै छ । तर, 'मजदुर' दैनिक विगतमा झैं यस वर्षको तिहारमा पनि निरन्तर प्रकाशित हुनेछ । तिहारको समयमा भएका साहित्यिक, सांस्कृतिक, सामाजिकलगायतका रचनात्मक गतिविधि र कार्यक्रमको समाचार, लेख-रचना, पाठकपत्र, पुस्तक परिचय पठाउन संवाददाता, लेखक, समीक्षक तथा बुद्धिजीवीहरूमा अनुरोध छ ।

'मजदुर' दैनिक आस्थाको पत्रिका हो । यस पत्रिकामा समाचार र विचार पनि रहेको हुन्छ । यसले श्रमजीवीवर्गको प्रतिनिधित्व गर्छ । राष्ट्रिय र अन्तर्राष्ट्रिय समुदायका शोषित-पीडित, उत्पीडित जनताको आन्दोलन र सङ्घर्षलाई यस पत्रिकाले जोड दिँदै आएको छ । शक्ति राष्ट्रको हस्तक्षेप, आक्रमण, दबाब, नाकाबन्दीको यो पत्रिका विरोध गर्छ । देशको अखण्डता, स्वाधीनता र सार्वभौम देशको पक्षमा पत्रिकाले आवाज बुलन्द गरिरहेको छ । भ्रष्टाचार, अनियमितता, ढिलासुस्ती, हत्या-हिंसा, विकृति, विसङ्गति अन्त्य गर्नेसम्बन्धी लेख-रचनामा 'मजदुर' दैनिक जोड दिन्छ । महिला बेचबिखन र बेपत्ता पार्ने कार्य, मानव तस्कर, अनेक लोभलालच देखाएर महिलालाई वेश्यालय पुऱ्याउने कामको पनि यो पत्रिका विरोध गर्छ ।

यो पत्रिकामा चुरोट र रक्सीको विज्ञापन निषेध गरिएको छ । अश्लील तस्बिर र अश्लील समाचारलाई पत्रिकामा ठाउँ दिइएको छैन । देश जोगाउने र बनाउनेसम्बन्धी लेख-रचनालाई यो पत्रिकाले प्राथमिकता दिन्छ । भ्रष्टाचारी, बलात्कारी, मानव तस्करहरूलाई कारबाही गर्नुपर्छ भन्ने मान्यता राख्छ । देश विकास गर्न, जनताको जीवनस्तर उठाउन देशको स्वाधीनता र सार्वभौमिकता बचाउन देशका शासक र राजनीतिक दलहरू देश र जनताप्रति समर्पित हुनुपर्छ । देश र जनताको सेवा गर्नु नै सरकार र राजनीतिक दलहरूको कर्तव्य हो; त्यो कर्तव्य सबैले पालना गर्नुपर्छ । सत्तासीन दलका प्रम, मन्त्री, सांसद र नेताहरू जवाफदेही र इमानदार हुनुपर्छ । सरकारले गर्ने हरेक काम देश र जनताको पक्षमा हुनुपर्छ; सुशासन र राजनीतिक स्थिरताको निम्ति सरकारले गतिलो सन्देश बाँड्नुपर्छ । देश र जनताको हित सर्वोपरी हुनुपर्छ ।

साम्राज्यवादी देश संरा अमेरिकाको आर्थिक र सैन्य सहयोगमा इजरायलले प्यालेस्टिनमा लगातार बम वर्षा गरेर प्यालेस्टिन देशलाई ध्वस्त पार्दै छ; प्यालेस्टिनी जनतालाई खरानी पार्दै छ । स्वाधीनता र सार्वभौम देशको निम्ति विभिन्न देशमा भइरहेको सङ्घर्ष र आन्दोलनलाई 'मजदुर' पत्रिकाले ठाउँ दिएको छ । अमेरिकाले चालू राखेको क्युवा र प्रजग कोरियामा आर्थिक नाकाबन्दीको विरोधको स्वरलाई यसले जोड दिएको छ । यसरी 'मजदुर' दैनिकले आफ्नो



*बाँकी पृष्ठ ८ मा*


# देशको अवस्थाबारे उठेका प्रश्न

- यतिबेला नेपालमा रास्वपाको सरकार छ । सरकारले नेपाल प्रहरीका महानिरीक्षक दानबहादुर कार्कीलाई प्रधानमन्त्री कार्यालयको सुरक्षा सल्लाहकारमा सरुवा गरी तेस्रो वरियताका प्रहरी अतिरिक्त महानिरीक्षक मनोज केसीलाई नेपाल प्रहरीको महानिरीक्षक पदमा बढुवा गऱ्यो । यसबारे रास्वपा सभापति रवि लामिछाने कार्कीको जिम्मेवारी हेरफेरमा सरकारले पुष्टि गर्ने बतायो । यसअघि सञ्चारगृहको न्यूजरुममा सरकारका प्रहरी प्रवेश गरी आतङ्क मच्चाएपछि लामिछानेले सरकारको नेतृत्वलाई संविधान र प्रजातन्त्रभन्दा माथि कोही नहुने चेनावनी दिएका थिए । सो चेतावनी सेलाउन नपाउँदै सरकारले प्रहरी महानिरीक्षक फेरबदल गरी जवाफ दियो । यतिबेला लामिछाने अँध्यारो मुख लिएर पत्रकारहरूलाई स्पष्टीकरण दिँदै छन् -


*बाँकी पृष्ठ ८ मा*


**व्यङ्ग्यचित्रको कुनो**





**ऐतिहासिक सप्तपाताल पोखरी**

ललितपुर महानगरपालिकाद्वारा पुनर्निर्माण गरिएको ललितपुरको लगनखेल बसपार्क नजिकै रहेको ऐतिहासिक सप्तपाताल पोखरी ।

*तस्बिर: घनश्याम श्रेष्ठ/रासस*

# भक्तपुरमा ग्यास अभाव कायमै सिलिन्डर खोज्दै उपभोक्ता

ख्वप (भक्तपुर), १९ कार्तिक । जिल्ला प्रशासन कार्यालयले खाना पकाउने एलपी ग्यासको आपूर्ति सहज भएको दाबी गरे पनि भक्तपुरका उपभोक्ताले अझै सहज रूपमा ग्यास पाउन सकेका छैनन् । महिनौंदेखि ग्यासको प्रतीक्षामा रहेका उपभोक्ता एउटा भरिएको सिलिन्डरका लागि पसल र डिलर धाउन बाध्य छन् ।

बजारमा ग्यास सहजै पाइन्छ भन्ने सुने पनि आफूले अहिलेसम्म नपाएको स्थानीयहरूको भनाइ छ ।

सरकारी निकाय र सामाजिक सञ्जालमा ग्यासको आपूर्ति सहज भएको सूचना सार्वजनिक भइरहे पनि उपभोक्ताले भने ग्यास पाउन सकेको छैन ।

भक्तपुरका प्रमुख जिल्ला अधिकारी विनोदकुमार खड्काले जिल्लामा ग्यासको आपूर्ति सहज भइसकेको दाबी गर्नुभयो । कुनै एउटा कम्पनीको ग्यास नपाएको अवस्थामा उपभोक्ताले अर्को कम्पनीको डिलरबाट सिलिन्डर साटेर पनि ग्यास लिन सक्ने उहाँले बताउनुभयो ।

दसैँ अघि जिल्ला प्रशासन कार्यालयले सामाजिक सञ्जालमार्फत कुन कम्पनीको ग्यास कहाँ र कहिले वितरण हुँदैछ भन्ने सूचना सार्वजनिक गर्दै आएको उहाँले जानकारी दिनुभयो । दसैँ पछि ग्यासको आपूर्ति सहज भएको ठानेर त्यस्ता सूचना सार्वजनिक गर्न छाडिएको उहाँको भनाइ छ ।

प्रशासनले आपूर्ति सहज भएको दाबी गरे पनि उपभोक्ताले ग्यास पाउन नसकेको गुनासो गरिरहेका छन् । प्रशासनको दाबी र बजारको वास्तविक अवस्थाबिच तालमेल नहुँदा उपभोक्तामा अन्योल देखिएको छ । आपूर्ति सहज भएको हो भने ग्यासको प्रतीक्षामा रहेका उपभोक्ताले किन पाउन सकेका छैनन् भन्ने प्रश्न उठेको छ । ग्यासको उपलब्धता र वितरणबारे स्पष्ट सूचना उपभोक्तासम्म नपुग्दा समस्या थप जटिल बनेको देखिन्छ । ***(रासस)***

# जलवायु जोखिममा ७३ लाख बालबालिका, थप लगानी गर्न युनिसेफको सुझाव

काठमाडौँ, १९ कार्तिक । संयुक्त राष्ट्रसङ्घीय बालकोष (युनिसेफ) ले नेपालका बालबालिकामा बढ्दो जलवायु तथा वातावरणीय जोखिम न्यूनीकरण गर्न बालबालिकामैत्री जलवायु कार्यमा थप लगानी गर्न सरकारलाई सुझाव दिएको छ ।

युनिसेफले आज सार्वजनिक गरेको नयाँ पैरवी प्रतिवेदनमा नेपालका लाखौँ बालबालिका जलवायु परिवर्तन, वातावरणीय प्रदूषण तथा विपद्का जोखिमबिच हुर्किरहेको उल्लेख गर्दै त्यसले उनीहरूको स्वास्थ्य, पोषण, शिक्षा, सुरक्षा र भविष्यमा गम्भीर असर पारिरहेको जनाएको छ ।

प्रतिवेदनले जलवायु परिवर्तनका कारण बालबालिकाको वर्तमान र भविष्य प्रभावित भइरहेको उल्लेख गर्दै जलवायुसम्बन्धी नीति, बजेट तथा कार्यक्रम निर्माण गर्दा बालबालिकालाई केन्द्रमा राखेर तत्काल कदम चाल्न आग्रह गरेको छ ।

प्रतिवेदनअनुसार नेपालमा ७३ लाख बालबालिका खडेरीको जोखिममा छन् । यसबाट खानेपानी, जीविकोपार्जन, कृषि उत्पादन र पोषणमा असर पर्ने देखिएको छ । यस्तै, ५७ लाख बालबालिका अत्यधिक गर्मीको जोखिममा छन् भने २९ लाख बालबालिका वर्षाजन्य पहिरोको जोखिममा रहेका छन् । अत्यधिक गर्मीले बालबालिकाको स्वास्थ्य, सिकाइ र दैनिक जीवनमा असर पारिरहेको प्रतिवेदनमा उल्लेख छ ।

जलवायु परिवर्तनले बालबालिकालाई प्रत्यक्ष जोखिममा पार्नुका साथै उनीहरूका लागि आवश्यक आधारभूत सेवामाथि समेत दबाब बढाइरहेको प्रतिवेदनमा जनाइएको छ ।

"जलवायु सङ्कट क्रमश: बालअधिकार सङ्कटमा परिणत हुँदै गएको छ," युनिसेफ नेपालकी प्रतिनिधि एलिस अकुङ्गले भन्नुभएको छ, "जलवायु परिवर्तनको समस्या सिर्जना गर्न बालबालिकाको योगदान नगण्य भए पनि यसको सबैभन्दा गम्भीर असर उनीहरूले भोगिरहेका छन् । बाढी, खडेरी, अत्यधिक गर्मी तथा प्रदूषणका प्रत्येक घटनाले उनीहरूको स्वास्थ्य, पोषण, शिक्षा र सुरक्षामा प्रत्यक्ष असर पारिरहेको छ ।"

प्रतिवेदनले जलवायु सङ्कटको असर सबै बालबालिकामा समान रूपमा नपर्ने उल्लेख गरेको छ । गरिब परिवारका बालबालिका, बालिका, अपाङ्गता भएका बालबालिका, ऐतिहासिक रूपमा सीमान्तकृत समुदायका बालबालिका तथा दुर्गम र जलवायु जोखिमयुक्त क्षेत्रमा बसोबास गर्ने बालबालिका बढी जोखिममा रहेको प्रतिवेदनमा जनाइएको छ ।

यसैबिच, नेपाल सरकारले बालबालिका तथा युवामैत्री जलवायु कार्यलाई अघि बढाउने क्रममा कार्तिक १२ गते सम्पन्न राष्ट्रिय जलवायु सम्मेलनका अवसरमा 'बालबालिका, युवा तथा जलवायु कार्यसम्बन्धी घोषणापत्र' औपचारिक रूपमा अनुमोदन गरेको छ । ***(रासस)***

# सुगर मिलको जग्गा संरक्षण गर्दै बढैयाताललेे बनायो प्रशासनिक भवन

बर्दिया, १९ कार्तिक । बढैयाताल गाउँपालिकाले प्रशासनिक भवन सञ्चालनमा ल्याएको छ । उक्त भवन वर्षौंदेखि संरक्षणविहीन अवस्थामा थियो ।

बर्दिया सुगर मिलको जग्गा संरक्षण गर्ने उद्देश्यले उक्त भवन सञ्चालनमा ल्याइएको गाउँपालिकाले जनाएको छ ।

गाउँपालिकाले हदबन्दीभन्दा बढी रहेको सुगर मिलको जग्गामध्ये सात कट्ठा क्षेत्रफलमा तीनतले प्रशासनिक भवन निर्माण गरी चालु आर्थिक वर्षको साउनदेखि सेवा सञ्चालनमा ल्याएको हो ।

बढैयाताल गाउँपालिका-६ मैनापोखर बजारस्थित सार्विक मैनापोखर गाउँ विकास समिति-६ को कित्ता नं. १२७५/१५७६ मा रहेको जग्गामा भवन निर्माण गरिएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत अर्जुन थारुले जानकारी दिनुभयो ।

गाउँसभाले २०७७ पुस ९ गते उक्त जग्गामा प्रशासनिक भवन निर्माण गर्ने निर्णय गरेको थियो ।

सोही निर्णयअनुसार चार करोड ५६ लाख ६० हजार ३६५ रूपैयाँको लागतमा भवन निर्माण सम्पन्न गरिएको उहाँले बताउनुभयो ।

स्वर्गीय पृथु शम्शेर जबराले विसं २०१९ मा उक्त स्थानमा बर्दिया सुगर मिल स्थापना गर्नुभएको थियो ।

कुल १९ कट्ठा तीन धुर क्षेत्रफलमा रहेको मिलको जग्गामध्ये गाउँपालिकाले सात कट्ठा संरक्षण गरी प्रशासनिक भवन निर्माण गरेको हो ।

बाँकी १२ कट्ठा जग्गा २७ जना व्यक्तिको कब्जामा रहेको र त्यहाँ १३ वटा घर निर्माण भएको गाउँपालिकाका योजना शाखा प्रमुख उमान हमालले जानकारी दिनुभयो ।

गाउँपालिकाकी उपाध्यक्ष लक्ष्मी अधिकारीका अनुसार प्रशासनिक भवन निर्माण गरिएको जग्गासम्बन्धी मुद्दा उच्च अदालत नेपालगन्जमा विचाराधीन छ ।

अदालतको फैसला गाउँपालिकाको पक्षमा आएमा कानुनी प्रक्रिया पूरा गरी बाँकी जग्गा संरक्षण गरिने उहाँले बताउनुभयो ।

बर्दिया सुगर मिल सञ्चालनमा आएपछि सुरुका वर्षमा बढैयाताल र बाँसगढी क्षेत्रमा उखु खेती गरी मिल सञ्चालन गरिएको थियो ।

विसं २०२१ मा भूमिसम्बन्धी ऐन कार्यान्वयनमा आएपछि हदबन्दीभन्दा बढी रहेको उक्त जग्गा सरकारले अधिग्रहण गरेको भूमि प्रशासन कार्यालय बर्दियाका प्रमुख धर्मराज बिडारीले बताउनुभयो ।

अधिग्रहणका क्रममा मिलका भवन तथा मेसिन जग्गामै रहेको थिए । द्वन्द्वकालका क्रममा मिलका मेसिन चोरी भएको जग्गाधनी स्वर्गीय पृथु शमशेर जबराका छोरा असित शमशेर जबराले जानकारी दिनुभयो ।

भूमिसम्बन्धी ऐन, २०२१ अनुसार तराई क्षेत्रमा खेतीयोग्य जमिनका लागि १० बिघा र घरबासका लागि एक बिघासम्म जग्गा राख्न पाउने व्यवस्था छ ।

सोभन्दा बढी जग्गा अधिग्रहण गर्दा सरकारले जग्गाधनीलाई निश्चित प्रतिशत क्षतिपूर्ति उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था छ ।

सोही व्यवस्थाअनुसार जग्गाधनी असित शम्शेर जबराले क्षतिपूर्तिको माग गर्दै उच्च अदालत नेपालगन्जमा मुद्दा दायर गर्नुभएको छ । उक्त मुद्दा हाल विचाराधीन अवस्थामा छ ।

विगत १० वर्षदेखि भाडाको घरबाट कार्यालय सञ्चालन गर्दै आएको गाउँपालिकाले आफ्नै भवन निर्माण गरेपछि सेवा प्रवाहमा सहजता भएको प्रमुख प्रशासकीय अधिकृत थारुले बताउनुभयो । ***(रासस)***

**नेपाललाई...**

# सही राजनीति नगरेको ज्ञात हुन्छ

देशमा ऋणमाथि ऋणको भार बढेर ऋणीको देश बनेको र ऋण तिर्न ऋण लिनुपर्ने देशको बाध्यताले देशको अर्थतन्त्र नाजुक भएको सङ्केत गर्छ । नेपाललाई कहिलेसम्म ऋणीको देश बनाउने ?

सत्तासीन दलका नेता र मन्त्रीहरू देशमा विधिको शासन भएको फुक्छन् । तर, सहकारी ठगीमा परेका व्यक्तिहरू कारबाहीमा पर्दैनन्; गम्भीर मुद्दाका अभियुक्तहरू सत्तासीन दलका नेता र मन्त्रीहरूको छहारीमा रहेका हुन्छन् । विद्यार्थी, शिक्षकले राजनीति गर्न पाउँदैनन् भनी फुक्ने सरकारले देशका उच्च पदको नियुक्तिमा राजनीति गरिरहेको हुन्छ । प्रतिशोध साँध्ने, पूर्वाग्रह राख्ने, छानबिनको नाउँमा अचानक पक्राउ गर्ने र छानबिन नै नगरी छोड्ने काम सरकारले गर्दै छ । सरकार सञ्चालन गर्नु भनेको मनपरीतन्त्र चलाउनु होइन । प्रहरी महानिरीक्षक दानबहादुर कार्कीलाई हटाएको विषयमा अहिले राजनीतिक वृत्तमा मात्र होइन प्रहरी प्रहरीबिच पनि चर्चाको विषय बनेको छ । विभिन्न समाचारपत्रमा लेख्न थाले, 'प्रहरीमाथि राजनीति : ३० वर्षअघि खरेल हटे, अहिले कार्की !', 'बहालवाला आईजीपी हटाएर नयाँ नियुक्ति : प्रहरीमा फेरि राजनीतिक हस्तक्षेप', 'पूर्वन्यायाधीश फोरमले भन्यो, विवादित न्यायाधीशले राजीनामा गरेर निकास दिनुपर्छ', 'आफूअनुकूल शासन गर्न प्रहरी नेतृत्वमाथि कार्यकारीको बल प्रयोग', 'प्रधानमन्त्रीका मुख्य सल्लाहकार बेन र फिक्सर सापकोटाबिच सम्बन्ध देखिने सूचना चुहिएपछि प्रहरी प्रमुखबाट हटाइए कार्की । ' कतै यो सतही राजनीतिको परिणाम होइन ?

सरकार विदेशी दलाल र विदेशी शक्ति राष्ट्रको दबाबमा फसेको पनि चर्चा भयो । विदेशी हस्तक्षेपको विरोध गर्ने आँट वर्तमान सरकारसँग छैन । प्रहरी महानिरीक्षकलाई हटाउने सन्दर्भमा सरकार र सत्तारुढ दलका नेताहरूको फरक मत भएको छापामा आयो । सरकारका प्रवक्ता भन्छन्, "पार्टीकै सुझावअनुसार आइजीपी दानबहादुर कार्कीलाई हटाइएको हो ।" सरकारी प्रवक्ता जगदीश खरेल भन्छन्, "यो सरकारको कार्य क्षेत्र हो; यो निर्णयको औचित्य सरकारले नै पुष्टि गर्नुपर्छ । पार्टीको तर्फबाट कसलाई हटाउने, कसलाई राख्ने भन्ने निर्देशन दिइएको छैन; आइजीपीलाई हटाउन भनेका छैनौं ।" एउटै पार्टीका जिम्मेदार नेताहरूको फरक फरक मत कसरी भयो ? पार्टीको द्वैधचरित्रलाई जनता र नागरिक समाजले कसरी मूल्याङ्कन गर्ने ? वरिष्ठ अधिवक्ता टीकाराम भट्टराईका अनुसार ३० वर्षपहिले तत्कालीन सरकारले अच्युतकृष्ण खरेललाई आइजीपीबाट हटाउँदा सर्वोच्चले पुनर्बहाली गरेको नजिर आकर्षित हुन्छ; त्यति बेलाको तथ्य र कानुन अहिले पनि उस्तै प्रकृतिको भएकोले उक्त नजिरलाई सर्वोच्चले अन्यथा गर्ने देखिँदैन ।

सुशासन, पारदर्शिता, भ्रष्टाचारमुक्त शासन देशको आवश्यकता हो । तर, देशमा आर्थिक सङ्कट छ; भ्रष्टाचार व्याप्त छ; महँगी छ । दोषीलाई कानुनी कठघरामा उभ्याउन सकेको छैन । सहकारी पीडितको रकम फिर्ताको नाटक रचेर सहकारी ठगलाई कुनै कारबाही गरिएको छैन । फाइल खोलेर पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल र पूर्वमन्त्री मिनेन्द्र रिजालसहित दर्जनौं व्यक्तिलाई कारबाहीको प्रक्रियामा जान मुद्दा दर्ता गर्ने अख्तियारले सहकारी ठगीहरूको कारबाहीको प्रक्रिया कहाँ पुग्यो ? कारबाहीको प्रक्रिया किन अघि बढाइएन भन्ने प्रश्न पनि राजनीतिक वृत्तमा उठेको छ । न्यायको मन्दिर मानिने अदालतमा पनि राजनीति मुछेको र कानुनीराजको आधारभूत मर्मलाई कुल्चेको प्रसङ्ग स्वयं न्यायाधीश, पूर्वन्यायाधीश, कानुनविद्हरूले उठाएका छन् । देशमा देखिएका यी यावत घटना र अभिव्यक्तिले देशमा सुशासन छैन भन्ने कुरा थाहा हुन्छ ।

अत: साँच्चै देशमा सुशासन ल्याउनु छ भने बिचौलियाहरूको जालो तोड्नुपर्छ । भ्रष्टाचारीहरू कारबाहीमा पर्नुपर्छ । प्रजातन्त्रलाई जीवनपद्धतिको रूपमा विकास गर्नुपर्छ । सरकारले कसैलाई पनि भेदभाव गर्नुहुँदैन । सत्तासीन दलका नेता र मन्त्रीहरू देशभक्त, दूरदर्शी र देश र जनताप्रति समर्पित हुनुपर्छ । सरकारले विदेशी हस्तक्षेपको विरोध गर्नुपर्छ । सरकार विदेशीको उठबसमा बस्नु हुँदैन । जनताका आधारभूत आवश्यकता पूर्ति गर्न उद्योग तथा कारखाना खोल्नुपर्छ । देशका युवालाई स्वदेशमै काम-मामको व्यवस्था गर्नुपर्छ । सबैले समानता र न्याय पाउनुपर्छ । सरकारका नेता र मन्त्रीमा राजनीतिक संस्कार र संस्कृति हुनुपर्छ । सत्तासीन दल र दलसित आबद्ध सम्पूर्ण निकाय र अन्य राजनीतिक दलका नेता कार्यकर्ताहरू स्वच्छ छविको हुनुपर्छ । देश र जनताको नि:स्वार्थ सेवा गर्नुपर्छ ।

## सङ्क्षिप्त समाचार

# प्रधानमन्त्री राहत कोषमा मौज्दात १८ अर्ब ३७ करोड नाघ्यो

काठमाडौँ, १९ कार्तिक । रसुवाको भोटेकोसी बाढीपछि प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष र प्रधानमन्त्री राहत कोषमा आर्थिक सहयोग जुट्नेक्रम अझ पनि जारी छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका अनुसार कोषका विभिन्न खातामा बिहीबार बिहान ९:०० बजेसम्म मौज्दात रकम रु. १८ अर्ब ३७ करोड ४७ लाख ११ हजार ५७४ पुगेको छ ।

प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषका विभिन्न नौ वटा वाणिज्य बैङ्कमा मैज्दात रु. १३ अर्ब ६२ करोड ५३ लाख ३६ हजार ९७१ र हिमालयन बैङ्क र लक्ष्मी सनराइज बैङ्कमा रहेका डलर खातामा तीन करोड १४ लाख २५ हजार ७५७ अमेरिकी डलर पुगेको छ ।

# सिकर्मीहरूबिच शुभकामना आदानप्रदान

भक्तपुर, १९ कार्तिक । भक्तपुर सिकर्मी सङ्घको आयोजनामा बुधबार नेपाल संवत् ११४७ र छठको पावन अवसरमा शुभकामना आदानप्रदान कार्यक्रम भयो ।

कार्यक्रममा नेपाल क्रान्तिकारी मजदुर सङ्घका केन्द्रीय सदस्य राजकृष्ण गोराले व्यक्तित्व विकास हुने गतिविधि गरिरहनुपर्नेमा जोड दिँदै चाडपर्वमा जाँड रक्सी सेवन र जुवा तास खेल्न नहुने बताउनुभयो ।

देश र विदेशमा भइरहेको घटनाबारे सुसूचित भइरहनुपर्ने आवश्यकता औंल्याउँदै उहाँले युवाहरू सामाजिक सञ्जालमा फसिरहेकोमा चिन्ता व्यक्त गर्नुभयो । प्रविधिको गलत प्रयोगले देशमा विध्वंस भएको चर्चा गर्दै उहाँले नयाँ सरकार कामदार जनताको पक्षमा नभई पुँजीवादी नै भएको प्रस्ट पार्नुभयो ।

झण्डै दुईतिहाइ नजिकको बहुमत प्राप्त सरकारले देश विकास गर्न नदिएको भनी जनतालाई भ्रम फैलाइरहेको स्पष्ट पार्दै उहाँले रास्वपा सरकारलाई विकास गर्न कसैले रोकेको छैन भन्नुभयो ।

सङ्घका अध्यक्ष विक्रम ढुकुछुको सभापतित्वमा भएको उक्त कार्यक्रममा सङ्घका पुण्यराम न्हुछे, कपिल दुवाल र सङ्घका अन्य सदस्यहरूले पनि बोल्नुभएको थियो ।

# उन्नाइस वर्षमुनि महिला क्रिकेट नेपालले हङकङलाई हरायो

काठमाडौँ, १९ कार्तिक । यु-१९ महिला बेल्ट एण्ड रोड सिरिजअन्तर्गत बिहीबार भएको खेलमा नेपालले हङकङलाई पराजित गर्दै जित हासिल गरेको छ । चीनको ताइचाङस्थित साक्सी टाउन क्रिकेट सेन्टरमा बिहीबार भएको खेलमा नेपाली महिला टोलीले हङकङलाई ९२ रनले पराजित गर्दै जित हासिल गरेको हो । नेपालले दिएको १४७ रनको लक्ष्य पछ्याएको हङ्कङ १८ ओभरमा सबै विकेट गुमाउँदै ५४ रनमै अलआउट भयो । हङकङका लागि वान तुङ सोले सर्वाधिक १२ रन बनाइन् । त्यस्तै मान केइ लेउङले पनि १२ रन नै जोडिन् । नेपालकी मनिषा चौधरी र रचना चौधरीले समान ३/३ विकेट लिइन् ।

त्यसअघि टस हारेर पहिले ब्याटिङको निम्तो पाएको नेपालले १९.५ ओभरमा सबै विकेट गुमाउँदै १४६ रन बनाएको थियो । नेपालका लागि सोनु पाखिनले सर्वाधिक ४४ रन बनाइन् ।

यस्तै सवित्री धामीले चार चौकाको मद्दतमा ३६ रन बनाइन् । बलिङतर्फ हङकङकी स्टोर्म पार्करले ३ विकेट लिइन् । ***(रासस)***

# ट्रकको ठक्करबाट मोटरसाइकल चालक तिमिल्सिनाको मृत्यु

काठमाडौँ, १९ कार्तिक । भक्तपुरको मध्यपुरथिमि नगरपालिका-१ मा आज बिहान ट्रकको ठक्करबाट सिन्धुपाल्चोक बाह्रबिसे नगरपालिका-९ की गीता तिमिल्सिनाको मृत्यु भएको छ ।

उपत्यका ट्राफिक प्रहरी कार्यालयका अनुसार जडीबुटीबाट लोकन्थलीतर्फ जाँदै गरेको ग प्र ०४-००१ प ००४५ नम्बरको ट्रकले आँखा अस्पतालबाट मनोहरातर्फ जाँदै गरेको बा प्र ०२-००१ ब ३०१८ नम्बरको मोटरसाइकललाई ठक्कर दिँदा गम्भीर घाइते हुनुभएकी तिमिल्सिनाको उपचारका क्रममा निधन भएको हो । उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रवक्ता एवं प्रहरी उपरीक्षक नरेशराज सुवेदीका अनुसार मृतकको साथमा रहेको त्रिभुवन विश्वविद्यालयको परिचयपत्रका आधारमा उहाँको पहिचान खुलेको हो । दुवै सवारीसाधन र ट्रक चालकलाई आवश्यक अनुसन्धानका लागि प्रहरीवृत्त थिमीले नियन्त्रणमा लिएको छ । ***(रासस)***

# रेल सेवा व्यवस्थित गर्न माग

जनकपुर, १९ कार्तिक । जनकपुरधाम रेल्वे सेवाको प्रभावकारी सञ्चालन तथा व्यवस्थापन गरी यात्रुमैत्री बनाउन माग गर्दै जनसरोकार अभियानले नेपाल रेल्वे कम्पनीलाई मागपत्र बुझाएको छ । अभियानका अध्यक्ष जितेन्द्र महतो नेतृत्वको टोलीले जनकपुरधामको धार्मिक, ऐतिहासिक तथा सांस्कृतिक महत्त्वलाई दृष्टिगत गर्दै रेल सेवालाई थप व्यवस्थित, सुरक्षित र सुविधासम्पन्न बनाउन आग्रह गरेको हो ।

अभियानले रेल यात्रुको सहज आवागमन, रेल्वे प्लेटफर्मको नियमित सरसफाइ, व्यवस्थित प्रतीक्षालय, शौचालय तथा खानेपानीको उचित प्रबन्ध गर्न माग गरेको छ । रेल्वे स्टेसनमा रहेका भौतिक संरचनाको मर्मतसम्भार, विद्युतीय उपकरणको नियमित सञ्चालन, खाली जग्गालाई पार्क तथा बगैँचा राखा रूपमा विकास, हाट बजारको व्यवस्थित सञ्चालन तथा सडक र छेकबारको उचित व्यवस्थापन गर्न अनुरोध गरिएको छ ।



**भाइटीकाका लागि ढाकाटोपी खरिद गर्दै सर्वसाधारण**

तिहार नजिकिँदै गर्दा दाङको घोराही उपमहानगरपालिका-१४ स्थित पाल्पाली ढाका उद्योगमा भाइटीकाको अवसरमा दाजुभाइलाई उपहार दिन ढाकाटोपी खरिद गर्दै ग्राहक । तस्बिर : कुलदीप न्यौपाने/रासस

# गुणस्तरहीन खाद्यवस्तु उत्पादन तथा बिक्री गर्ने १४ व्यवसायीविरुद्ध मुद्दा

जनकपुरधाम, १९ कार्तिक । मधेस प्रदेशमा गुणस्तरहीन खाद्यवस्तु उत्पादन तथा बिक्री गर्ने १४ उद्योगी व्यवसायीविरुद्ध मुद्दा दायर गरिएको छ ।

चालु आर्थिक वर्ष २०८३/८४ को पहिलो तीन महिनामा खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयले गरेको अनुगमन तथा खाद्यवस्तुको नमुना परीक्षणबाट कैफियत देखिएपछि उनीहरूविरुद्ध सम्बन्धित जिल्ला अदालत तथा जिल्ला प्रशासन कार्यालयमा मुद्दा दायर गरिएको हो ।

खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय जनकपुरधामका प्रमुख विमलकुमार दाहालका अनुसार मुद्दा दायर गरिएकामध्ये बारा र पर्साका आठ, सप्तरी र सिरहाका तीन, महोत्तरीका दुई तथा धनुषाका एक व्यवसायी छन् । उनीहरूविरुद्ध खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ अन्तर्गत कारबाही अघि बढाइएको उहाँले जानकारी दिनुभयो ।

खाद्य स्वच्छता कायम नगर्ने, खाद्यवस्तुमा मिसावट गर्ने, स्वास्थ्यमा प्रतिकूल असर पार्ने वस्तु उत्पादन तथा बिक्री गर्ने र म्याद गुज्रिएका सामग्री बिक्री गर्ने व्यवसायीविरुद्ध मुद्दा दायर गरिएको प्रमुख दाहालले बताउनुभयो ।

उहाँका अनुसार सो अवधिमा मधेस प्रदेशका विभिन्न जिल्लाबाट खाद्य तथा दाना पदार्थ ऐन तथा नियमअनुसार १६४ नमुना सङ्कलन गरिएकामा पाँच वटाको परीक्षण प्रतिवेदन प्रतिकूल देखिएको थियो । ती नमुनाका आधारमा खाद्य स्वच्छता तथा गुणस्तर ऐनअन्तर्गत कारबाही अघि बढाइएको हो ।

यसैगरी, खाद्य स्वच्छता कायम गराउने उद्देश्यले प्रदेशका विभिन्न जिल्लामा ६३२ खाद्य व्यवसायमा संयुक्त अनुगमन गरिएको थियो । अनुगमनका क्रममा ५६ खाद्य उद्योगमा कैफियत भेटिएपछि उपभोक्ता संरक्षण ऐन, २०७५ बमोजिम रु. १८ लाख २६ हजार जरिवाना गरिएको कार्यालयले जनाएको छ ।

सो अवधिमा २०५ खाद्य तथा दाना उद्योग, १९५ होटल, रेस्टुरेन्ट तथा क्यान्टिनमा अनुगमन गरिएको र उपभोक्ताबाट प्राप्त २७ उजुरी सम्बोधन गरिएको प्रमुख दाहालले बताउनुभयो । उहाँका अनुसार तीन महिनाको अवधिमा २६ उद्योगलाई नयाँ अनुज्ञापत्र जारी, ६८ उद्योगको अनुज्ञापत्र नवीकरण र ८४ नयाँ उद्योग स्थापनाका लागि सिफारिस गरिएको छ ।

नमुना परीक्षण, अनुज्ञापत्र जारी तथा नवीकरण र उद्योग स्थापनाका लागि सिफारिसलगायतका कामबाट रु. १६ लाख २४ हजार १० राजस्व सङ्कलन भएको कार्यालयले जनाएको छ । अनुगमन तथा निरीक्षणका क्रममा म्याद गुज्रिएका, लेबल विवरण नभएका, सडेगलेका तथा उपभोगका लागि अयोग्य खाद्यवस्तु जफत गरी सरोकारवालाको रोहबरमा नष्ट गरिएको कार्यालयले जनाएको छ । ***(रासस)***

# सात प्रदेशका जलन उपचार सेवा थप प्रभावकारी बनाउन जनशक्ति उत्पादन

काठमाडौँ, १९ कार्तिक । सरकारले सातवटै प्रदेश जलन उपचार सेवालाई थप प्रभावकारी बनाउने जनशक्ति उत्पादन गर्न थालेको छ ।

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले सात प्रदेशका सात ठुला अस्पतालमा जलनको उपचार सेवा विस्तार गरेर सेवालाई थप प्रभावकारी बनाउन लागिएको स्वास्थ्य सेवा विभागका निमित्त महानिर्देशक डा. कृष्णप्रसाद पौडेलले जानकारी दिनुभयो ।

त्यसका लागि ती अस्पतालका चिकित्सक र स्वास्थ्यकर्मीलाई एडभान्स बर्न केयर तालिमसमेत सञ्चालन गरिएको उहाँले बताउनुभयो ।

कोसीको बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, मधेसको नारायणी अस्पताल वीरगञ्ज, गण्डकीको पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, लुम्बिनीको भेरी अस्पताल नेपालगन्ज, कर्णालीको सुर्खेत अस्पताल र सुदूरपश्चिमको सेती अस्पतालमा जलन उपचार सेवा विस्तार गर्न थालिएको हो ।

मन्त्रालयले पहिलो चरणमा नारायणी अस्पताल वीरगञ्ज र सुर्खेत प्रादेशिक अस्पतालका चिकित्सक तथा स्वास्थ्यकर्मीलाई ३० दिनको जलन उपचारसम्बन्धी तालिम सञ्चालन गरेको छ ।

मन्त्रालयले यसअघि उक्त अस्पतालका चिकित्सक तथा स्वास्थ्यकर्मीलाई छदिने प्राथमिक जलन उपचार तालिम दिएको छ ।

तालिममा नारायणी अस्पताल, वीरगन्जबाट डा. प्रदीपकुमार ठाकुर, नगेन्द्र महतो, तबसुम बेगम र यस्मिन खातुन तथा सुर्खेत प्रदेश अस्पतालबाट डा. सोजन सापकोटा, रोशनी श्रेष्ठ, दलबहादुर विक र सुमन कँडेल गरी जम्मा आठ जना चिकित्सक तथा स्वास्थ्यकर्मीको सहभागिता थियो ।

तालिमपश्चात् सो जनशक्तिले सम्बन्धित अस्पतालमा जलन वार्ड स्थापना गर्न, गुणस्तरीय जलन उपचार सेवा सुनिश्चित गर्न सेवाको विस्तार गर्ने छन् ।

तालिम मन्त्रालयको पहलमा राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रले कीर्तिपुर अस्पताल, कीर्तिपुरमा सञ्चालन गरिएको छ ।

महानिर्देशक डा. पौडेलले क्रमश: अन्य प्रदेशका चिकित्सक र स्वास्थ्यकर्मीलाई पनि तिहारपछि जलन उपचारसम्बन्धी तालिम दिने बताउनुभयो । ***(रासस)***

# प्रदेशस्तरीय कराते छनोटमा मकवानपुरका खेलाडीको वर्चस्व

मकवानपुर, १९ कार्तिक । दसौँ राष्ट्रिय खेलकुद प्रतियोगिताको तयारीस्वरूप हेटौँडामा आयोजित वाग्मती प्रदेशस्तरीय 'फुलकन्ट्याक्ट कराते' छनोट प्रतियोगितामा मकवानपुरका खेलाडीले उत्कृष्ट प्रदर्शन गरेका छन् ।

प्रतियोगिताबाट छनोट भएका १४ खेलाडीमध्ये मकवानपुरका ६ खेलाडीले विभिन्न तौल समूह तथा कातामा स्थान सुरक्षित गरेका छन् । वाग्मती प्रदेशका १३ जिल्लाका ७५ खेलाडी सहभागी प्रतियोगितामा महिला र पुरुषतर्फ विभिन्न तौल समूह तथा काताका खेलाडी छनोट गरिएको प्रदेशस्तरीय प्रतियोगितामा संयोजन गर्नुभएका वाग्मती प्रदेश खेलकुद परिषद्का सदस्य गोविन्दलाल श्रेष्ठले जानकारी दिनुभयो ।

उहाँका अनुसार महिलातर्फ ४५ केजी तौल समूहमा ललितपुरकी साहारा वाइबा, ५० केजीमा काठमाडौँकी उपासना श्रेष्ठ, ५५ केजीमा सिन्धुलीकी कविता मोक्तान र ६० केजीमा मकवानपुरकी रेश्मा थापा छनोट भएका छन् । खुला तौल समूहमा मकवानपुरका सेर्साङ स्याङ्तान तथा महिला कातामा मकवानपुरकै रसु श्रेष्ठ छनोट भएका छन् ।

त्यसैगरी, पुरुषतर्फ ४५ केजी तौल समूहमा मकवानपुरका रिदम थापा, ५० केजीमा रामेछापका सुजन विक, ५५ केजीमा काभ्रेका सुसान तामाङ, ६० केजीमा मकवानपुरका सन्तोषकुमार लामा, ६५ केजीमा काठमाडौँका अनुग्रह देवकोटा र ७० केजीमा मकवानपुरका आर्यन सिन्चुरी छनोट भएका छन् । खुला तौल समूहमा ललितपुरका साहिल श्रेष्ठ र पुरुष कातामा रामेछापका विवेक बर्देवा छनोट भएका छन् ।

प्रतियोगिताबाट छनोट भएका खेलाडीलाई राष्ट्रिय खेलकुद परिषद्का प्रमुख प्रशिक्षक कुमार श्रेष्ठले पदक तथा प्रमाणपत्र वितरण गर्नुभएको थियो । ***(रासस)***

## । सम्पादकीय ।

# संरा अमेरिकी चुनावमा ट्रम्पको रिपब्लिकन पार्टीको पराजय

संरा अमेरिकाको प्रतिनिधिसभा र सिनेट (राष्ट्रिय सभाजस्तो) को निर्वाचन कार्तिक १७ गते (नोभेम्बर ३ का दिन) सम्पन्न भयो। संरा अमेरिकी कानुनअनुसार प्रतिनिधिसभामा ४३५ सदस्य हुन्छ। यी सबै सदस्यको निर्वाचन प्रत्येक दुई वर्षमा गरिन्छ। यसपटकको निर्वाचनमा विपक्षी डेमोक्रेटिक पार्टीले प्रतिनिधिसभामा २५९ सस्था (कार्तिक १९ गते अपराह्न ४ बजेसम्म) प्राप्त गरेको सार्वजनिक भयो। राष्ट्रपति डोनाल्ड ट्रम्पको रिपब्लिकन पार्टीले प्रतिनिधिसभामा १९३ स्थान प्राप्त गरेको बाहिरियो। ३८ वर्षपछि डेमोक्रेटिक पार्टीले रिपब्लिकन पार्टीलाई हराएर टेक्सास राज्यमा जीत प्राप्त गरेको उल्लेख भयो। यसअघि ट्रम्पको रिपब्लिकन पार्टीले प्रतिनिधिसभामा २१० स्थान प्राप्त गरेको थियो भने विपक्षी डेमोक्रेटिक पार्टीको २१४ स्थान थियो।

नेपालको राष्ट्रिय सभाजस्तो संरा अमेरिकी सिनेटमा भएको १०० स्थानमध्ये हालसम्ममा विपक्षी डेमोक्रेटिक पार्टीले ५४ स्थान र ट्रम्पको रिपब्लिकन पार्टीले ४४ स्थान प्राप्त गरेको सार्वजनिक भयो। अघिल्लो चुनावमा डेमोक्रेटको सिनेटमा ४७ स्थान मात्र थियो भने ट्रम्पको ५३ स्थान थियो। संरा अमेरिकी कानुनअनुसार सिनेटका १०० जना सदस्यमध्ये एकतिहाइ सदस्य दुई दुई वर्षमा चुनाव हुनेछ। नेपालमा राष्ट्रिय सभा सदस्यको लागि हुने चुनावमा प्रदेशसभा सदस्य, स्थानीय पालिकाका प्रमुख र उपप्रमुख तथा अध्यक्ष र उपाध्यक्षले चुन्छन् भने संरा अमेरिकाको सिनेट सदस्य ५० वटा राज्यका मतदाताले प्रत्येक राज्यबाट २-२ जना चुन्छन्।

संरा अमेरिकाको सुरुको संवैधानिक व्यवस्थाअनुसार सिनेट सदस्यहरू राज्य पालिकाका सदस्यहरूले चुन्ने गर्थे। सन् १९१३ मा संरा अमेरिकाको १७ औँ संविधान संशोधनले सिनेट सदस्यहरू राज्यका जनताले २-२ जना निर्वाचित गर्ने व्यवस्था गऱ्यो। पचास वटा राज्यमध्ये नेब्रास्काबाहेक बाँकी ४९ राज्यमा दुई सदनात्मक व्यवस्था अपनाइएको छ।

संरा अमेरिकी कानुनमा उम्मेदवार २५ वर्ष पुगेको, ७ वर्षअघि अमेरिकी नागरिकता पाएको र चुनाव हुने राज्यको बासिन्दा हुनुपर्ने सर्त पनि रहेको छ। राज्यको जनसङ्ख्याअनुसार प्रतिनिधिसभामा ४३५ स्थान निर्धारण गरिएको छ। प्रत्येक राज्यमा १ स्थान हुने व्यवस्था छ। नेपालमा पनि जिल्लाको जनसङ्ख्याअनुसार निर्वाचन क्षेत्र निर्धारण हुन्छ। जिल्लामा कम्तीमा १ स्थान हुने व्यवस्था छ।

निर्वाचन परिणामअनुसार ट्रम्पको रिपब्लिकन पार्टीको गढको रुपमा रहेको टेक्सास, आयोवा, कान्सस, उत्तर क्यारोलिना, दक्षिण क्यारोलिनालगायतमा डेमोक्रेटिक पार्टीले कब्जा गरेको सार्वजनिक भयो। ६८ स्थानको मतगणना जारी छ। अन्तिम मत परिणाम आउन थप केही दिन लाग्नेछ।

ट्रम्पको रिपब्लिकन पार्टीको पराजयको मुख्य कारण महँगी, भ्रष्टाचार र युद्ध नै भएको सार्वजनिक भयो। केही दिनअघि ट्रम्पले इरानमा सानो आणविक हतियारजस्तो 'आमा बम' हान्ने धम्की दिएका थिए। इरानले आफूमाथि बमबारी भए विश्वमै सङ्कट हुने गरी प्रतिकार गर्ने बतायो।

दुवै संसद्मा अल्पमतमा परेको ट्रम्पले 'भिटो' प्रयोग गर्ने सङ्केत दियो। तर, संसद्का समितिहरूले ट्रम्पका अधिकारीहरूलाई बोलाएर स्पष्टीकरण लिन सक्छन्। ट्रम्पले रिपब्लिकन पार्टीको हार स्वीकार गरेको र सहयोग गर्न इच्छुक रहेको बताएको पनि सार्वजनिक भयो।

संरा अमेरिकामा प्रत्येक ४ वर्षमा राष्ट्रपतिको चुनाव हुन्छ। अर्को दुई वर्षमा नोभेम्बर महिनामा राष्ट्रपति चुनाव हुने र कार्यकाल जनवरीमा सुरु हुनेछ। संरा अमेरिकाको रिपब्लिकन र डेमोक्रेटिक पार्टीलाई त्यहाँका घटनाहरूले नै पालैपालो चुनाव जिताउने गर्दै आएको भुक्तभोगीहरूको दाबी छ। यो सत्य पनि हो। संसारका सबै पुँजीवादी देशहरूको चुनाव स्वच्छ र निष्पक्ष हुँदैन। नेपालमा पनि निर्वाचनहरू स्वच्छ र निष्पक्ष नभएको भुक्तभोगीहरू बताउँछन्। निर्वाचनको नाममा पुँजीपतिवर्गले आफ्नो थाकेको घोडा फेर्छन्।

# उपभोक्ता हितको संरक्षण र सक्रिय अनुगमनको आवश्यकता

✍ विवेक

*अहिले कानुन अध्यापन गर्ने कलेजहरू बढ्दै छन्। कानुन पढ्नेहरूको सङ्ख्या पनि बढ्दो छ। विद्यार्थीहरू टोल टोल, गाउँ गाउँमा गएर उपभोक्ता ऐन, अदालतको काम र त्यसले दिने क्षतिपूर्तिबारे जनतालाई बुझाउन आवश्यक छ। त्यसले व्यापारी, व्यवसायी, निर्माण कम्पनी र सरकारी कार्यालयहरूको मनोमानी धेरै हदसम्म न्यूनीकरण हुनेछ। त्यो एक प्रकारको जनताको सेवा पनि हो।*

चाडपर्व नजिकिएसँगै उपभोक्ताहरू ठगिने सम्भावना बढ्दो छ। गुणस्तरहीन सामान बेच्ने, म्याद नाघेका वस्तुहरू बिक्री गर्ने तथा मिसावट भएका सामानहरू बेच्नेहरू अरू बेलाभन्दा यस्ता बेलाहरूमा चलबलाउन सक्छन्। नाफाको निम्ति केही व्यापारी, व्यवसायीहरू जस्तोसुकै अनैतिक र गैरकानुनी काम गर्न पछि पर्दैनन्। त्यसको लागि नियन्त्रण गर्ने भरपर्दो र प्रभावकारी उपाय भनेकै अनुगमन गर्ने संस्थाहरू कडाइका साथ प्रस्तुत हुनु हो।

नक्कली वस्तु उपभोग गरेकै कारण कति उपभोक्ताहरूले शरीरका अङ्गहरू गुमाउँछन्, कतिले नयाँ नयाँ रोगहरूको सामना गर्छन् त कति बिरामी परेर मृत्युको मुखसम्म पुग्छन्। बारम्बार यस्ता घटनाहरू भइरहन्छन्। नक्कली मदिरा सेवनका कारण मृत्यु भएको, गलत औषधिको कारण मानिस अपाङ्ग भएको र एउटा खुट्टामा अपरेसन गर्नुपर्नेमा डाक्टरको लापरबाहीले अर्को खुट्टामा अपरेसन गरेका घटनाहरू नेपालीहरूका लागि नौला होइनन्।

नेपालीहरूको मृत्युको कारण सर्नेभन्दा नसर्ने रोग प्रमुख भएको चिकित्सकहरूको भनाइ छ। चिकित्सकहरूका अनुसार श्वासप्रश्वास, मुटु, मृगौला, ब्रेन स्ट्रोक, क्यान्सरजस्ता रोगहरूका कारण मृतकमध्ये ७० प्रतिशतभन्दा बढी छन्। त्यसो हुनुमा जलवायु प्रदूषण, विषादीयुक्त खाना, नक्कली औषधि, रसायनयुक्त फलफूल, अखाद्य वस्तुको मिसावट भएका खानाको उपभोगजस्ता मुख्य कारणहरू हुन्।

उपभोक्ता ऐन २०७५ लागू भएको आधा दशक भइसकेको छ। ऐनमा बजार अनुगमन तीन तहकै सरकारहरूले गर्ने छुट्टाछुट्टै व्यवस्था छ। ऐनअनुसार सङ्घ, प्रदेश र स्थानीय तहले अनुगमन समिति छुट्टाछुट्टै गठन गरे तर त्यो प्रभावकारी हुन सकेन। एउटै काम धेरै क्षेत्रमा विभाजन गरेको कारण पनि त्यसो भएको हुनसक्छ। उपभोक्ता ऐनमा स्वास्थ्यको गम्भीर असर पर्ने कार्य भएमा त्यस्तो अवस्थामा कानुनले क्षतिपूर्ति भराउनेदेखि सम्बन्धित व्यापारी, व्यक्ति वा कम्पनीलाई जेल सजाय गर्नेसम्मको व्यवस्था छ। कानुनमा व्यवस्था हुँदैमा सबै मिल्छ भने होइन। ऐन कानुन आफै कार्यान्वयन हुने होइन। त्यसका लागि उपभोक्ताहरू कानुनबारे सचेत हुनु जरुरी छ।

पछिल्लो चरणमा उपभोक्ता अदालत पनि गठन भइसकेको छ। पीडित नागरिक आफूलाई परेको अन्याय तथ्य प्रमाणसहित अदालतमा गएमा न्याय पाउन सक्छन्। तर, विडम्बना ! उपभोक्ताहरू सकेसम्म अदालतसम्म जानै चाहँदैनन्। त्यसको कारण हो अदालतप्रतिको जनताको विश्वास नहुनु र ढिलासुस्ती। दैनिक जीवनकै कुरा गर्दा पनि एउटै सामानको मूल्य पसलैपिन्छे फरक फरक पाइन्छ। त्यो त सिधै उपभोक्तामाथि अन्याय हो। १२ वटा सीसी भएको एउटा पानीको बाकसको मूल्य ११० रुपैयाँ हुन्छ। तर त्यही पानी उपभोक्ताले १ सीसीको २५ देखि ३० रुपैयाँ तिर्नुपर्छ। के यो सिधै ठगी होइन ? सर्वसाधारणको लागि पनि यो बानी नै बसिसकेको छ।

ठाउँ ठाउँमा विद्युत्, दूरसञ्चार र केबुल नेटवर्कहरूका तारहरू छरपस्ट छन्। विद्युत् सट भएर वा अन्य विविध कारण ठाउँ ठाउँमा आगजनीका घटनाहरू भइरहेका छन्। त्यसबाट करोडौँको धन सम्पत्ति क्षति भए पनि विद्युत् प्राधिकरण, दूरसञ्चारलाई कानुनले जिम्मेवार बनाएको छैन। आगलागी भयो दमकलले आगो निभायो। त्यतिकैमा घटना सेलाएर गयो बस्। प्राधिकरणको कमजोरीको कारण मानिसको ज्यान जाने घटना भएमा प्राधिकरणलाई जिम्मेवार बनाई ज्यान मुद्दा चलाउने कानुनी व्यवस्था भएमा यति लापरबाही प्राधिकरणबाट हुने थिएन कि ! अहिले त न ऐन बोल्छ न उपभोक्ता नै अदालतसम्म पुग्छन्। गैरजिम्मेवार काम गर्नेहरूका लागि अहिले स्वतन्त्रता छ। पुँजीवादी व्यवस्थाको यो एक विशेषता नै हो।

धेरैजसो सवारी दुर्घटना सडककै कारण हुने गरेको पाइन्छ। गुणस्तरहीन सडक निर्माण गर्दासमेत ठेकेदारलाई जिम्मेवार नबनाउँदा धेरैले ज्यान गुमाउनुपर्ने अवस्था छ। सडक भत्केर, खाल्डाखुल्डीका कारण कसैको ज्यान गएको वा अङ्गभङ्ग भएको रहेछ भने सडक निर्माण गर्ने ठेकेदारलाई जिम्मेवार बनाउने कानुनी व्यवस्था अपरिहार्य आवश्यकता हो। त्यसले धेरै हदसम्म दुर्घटना न्यूनीकरण गर्न सक्छ। जबसम्म यस्ता दुर्घटनाहरूमा ठेकेदारलाई जिम्मेवार बनाउँदैन तबसम्म यस्ता घटनाहरू बारम्बार दोहोरिरहन्छन्। हिलोमा कालोपत्रे गर्ने, सिमेन्टको भाग कम राखेर कमसल ढलान गर्ने जस्ता कार्यहरू एक प्रकारको मानवता विरोधी अपराध हो। त्यसले देशको अर्बौंको सम्पत्तिको नोक्सान त गर्छ नै त्यो भन्दा पनि नागरिकको ज्यान जानेसम्म अपराध हुन्छ। ठेकेदारहरूलाई पैसा कमाउनेमात्र होइन जिम्मेवार बनाउनेतर्फ पनि विभिन्न तहका सरकारहरूले सोच्न जरुरी छ।

हरेक दिनको समाचारपत्र वा विद्युतीय सञ्चारमा भ्रष्टाचार, अनियमितताको समाचार नभएको दिन हुँदैन। पुल बनाएको १ वर्ष नबित्दै भत्केको, उद्घाटन नहुँदै भवन भत्केको र कमजोर संरचनाका कारण संरचना प्रयोगमा नआएका जस्ता थुप्रै घटनाहरू सुन्न नेपालीहरू अभ्यस्त भइसके। उनीहरूले त्यस्ता समाचारहरूप्रति ध्यान दिन पनि छाडिसके। हुन पनि त्यस्ता गलत काम गर्ने मानिसहरूमाथि कारबाहीको कहिल्यै समाचार आउँदैन। आई नै हाले पनि केही दिनभित्र त्यस्ता व्यापारी, कम्पनी मालिक वा ठगी आरोपमा पक्राउ परेका व्यक्ति छुटेको समाचार आउँछ। यसले जनताको मनोबल कमजोर हुने र ठगी गर्नेहरूको मनोबल बढ्नेछ।

यहाँनेर भक्तपुर नगरपालिकामा भएका केही घटनाहरूको उदाहरण प्रस्तुत गर्नु सान्दर्भिक देखिन्छ। नगरपालिकाअन्तर्गत सञ्चालित ख्वप कलेजको भवन निर्माणको क्रममा देखियो। निर्माण कम्पनीले बेसमेन्ट ढलानको अन्तिम चरणमा पुग्दा कमसल दण्डी राखेको पाइयो। प्रयोगशालामा पठाएर पटक-पटक परीक्षण गर्दा पनि पास नभएपछि ती सबै दण्डीहरू निकाल्न लगाइयो। सबै दण्डी हटाउन लगाई त्यसको लागि ज्यालामात्र पनि १८ लाखभन्दा बढी तिराइयो। अर्को प्रसङ्ग, एक तला ढलान गर्दा निर्माण मापदण्डअनुसार नभएको देखिएपछि प्राविधिक प्रतिवेदनको आधारमा ४५ देखि ५० लाख रुपैयाँ बराबरको रेट्रोफिटिङ गर्न लगाइयो। त्यस्तै वडा कार्यालय भवन निर्माणको क्रममा नक्कली सिमेन्ट भेटिएपछि व्यापारीसँग क्षतिपूर्ति भराइएको थियो। त्यस्ता थुप्रै उदाहरणहरू छन्। विद्यालय, कलेज, अस्पताल, पुलजस्ता सार्वजनिक निर्माणहरूमा हेलचेक्र्याइ वा लापरबाही गर्ने जोसुकै भए पनि कडा दण्ड सजाय हुनुपर्छ। त्यसले जनताको ज्यूधनको सुरक्षा गर्न मद्दत गर्दछ।

ऐन कानुनको प्रभावकारी कार्यान्वयन र कानुनमा कडा दण्ड सजायको व्यवस्था भएमा जथाभावी गर्नेहरू सचेत हुन्छन्। त्यसका लागि कानुन बनेर मात्र पुग्दैन उपभोक्ताहरू नै आफ्नो अधिकारप्रति सचेत हुनुपर्छ। फितलो कानुनी व्यवस्था र नाउँ मात्रको अनुगमनलाई नाफाखोर व्यापारी व्यवसायीहरूले तेर्ने छैनन्।

स्थानीय तहले गरेको निर्माणको अनुगमन गर्ने जिम्मेवारी कानुनले जिल्ला समन्वय समितिलाई दिएको छ। तर, त्यो बाध्यकारी नहुँदा त्यसको प्रभावकारिता शून्य छ। स्थानीय तह स्वयम्लाई अनुगमनको अधिकार दिएको हुँदा सबै पालिकाहरूले स्थानीय अनुगमन समितिमार्फत कार्य गर्दै आएका छन्। जिल्ला समन्वय समितिको अनुगमन प्रभावकारी नहुँदा त्यो हुनु र नहुनुको कुनै अर्थ नै रहेन। कानुन निर्माताहरूले एउटै काम धेरै निकायको जिम्मेवारीमा छाड्नाले कार्यान्वयनमा जटिलता आएको हो। कसले के काम गर्ने हो, त्यो कानुनमा स्पस्ट हुनुपर्छ।

अदालत, कानुन भनेको सचेत नागरिकहरूलाई सहयोग गर्ने निकाय हो। पीडामा परेको नागरिक न्यायका लागि अदालत जानैपर्छ। आफ्नो पीडा अदालतसम्म नपुऱ्याउने, दुःख आफैसँग मात्र सीमित राख्ने, सडकमा रोइकराई गर्नेहरूलाई अदालत घरसम्म पुगेर न्याय दिने होइन। जसले न्यायको माग गरेर अदालतको ढोका घच्घच्याउँछ उसलाई कानुनबमोजिमको न्याय दिने काम अदालतको हो। विभिन्न राजनीतिक दल, सङ्घ संस्था र समूहहरूले कानुनमा भएका अधिकारहरूबारे जनतालाई बुझाउनु आवश्यक छ। उपभोक्ताहरू ठगिनबाट जोगाउने कार्यमा दलका नेता, कार्यकर्ताहरू र सङ्घ संस्थाहरूको महत्त्वपूर्ण भूमिका हुन्छ। त्यो भूमिकाबाट दलका कार्यकर्ताहरू, सङ्घ संस्थाका प्रतिनिधिहरू कतै चुकेका त छैनन् ?

अहिले कानुन अध्यापन गर्ने कलेजहरू बढ्दै छन्। कानुन पढ्नेहरूको सङ्ख्या पनि बढ्दो छ। विद्यार्थीहरू टोल टोल, गाउँ गाउँमा गएर उपभोक्ता ऐन, अदालतको काम र त्यसले दिने क्षतिपूर्तिबारे जनतालाई बुझाउन आवश्यक छ। त्यसले व्यापारी, व्यवसायी, निर्माण कम्पनी र सरकारी कार्यालयहरूको मनोमानी धेरै हदसम्म न्यूनीकरण हुनेछ। त्यो एक प्रकारको जनताको सेवा पनि हो।

उपचार नपाएर धेरै गरिबहरू मरिरहेका छन्। अस्पताल पुगेर पनि पैसा नभएको कारण भर्ना हुन नपाएर सडकमै बच्चा जन्माउनु परेको घटना पनि ताजै छ। बिरामीको चापअनुसार बेड सङ्ख्या नहुनु, दरबन्दीअनुसार चिकित्सक नभएको कारण बिरामी अर्को अस्पताल लाँदालाँदै मृत्यु हुनुजस्ता घटनाहरूको जिम्मेवार सरकारलाई नै बनाइनुपर्छ।

संविधानले प्रदान गरेको स्वास्थ्य सेवाको हक, स्वच्छ खानेपानी तथा सरसफाइको हक, खाद्य सम्प्रभुताको हक आवासको हक, प्रजनन स्वास्थ्यसम्बन्धी हक र बालबालिकाको हक नेपाली जनताको लागि हो, संविधान विदेशीलाई देखाउने दस्ताबेज हुनु हुँदैन। ती हकहरू जनस्तरमा पुग्न त्यससम्बन्धी कानुनहरू संसदले बनाउन ढिलाइ गर्नुहुन्न।

संविधान आएको १० वर्ष बितिसक्दा पनि ३ वर्षमा बनाउनुपर्ने कतिपय कानुनहरू अहिलेसम्म बन्न सकेका छैनन्। यसले पनि कतिपय संविधान प्रदत्त हकहरू नेपाली जनताले उपभोग गर्न पाएका छैनन्। अहिले रास्वपाको दुईतिहाइको सरकार छ। यसले संविधानअनुसार जनताको हितमा बनाउनुपर्ने कानुनहरू ढिलाइ नगरी बनाउने र उपभोक्ता ऐनअनुसार उपभोक्ता हितमा काम गर्न सबै तहका अनुगमन समितिलाई सक्रिय बनाउने अपेक्षा छ।

### उपभोक्ता हितको संरक्षण र सक्रिय अनुगमनको आवश्यकता

- **चाडपर्वमा उपभोक्ता ठगीको जोखिम :** गुणस्तरहीन, म्याद नाघेका तथा मिसावटयुक्त वस्तुको बिक्री नियन्त्रण गर्न बजार अनुगमन प्रभावकारी बनाउनुपर्छ।
- **उपभोक्ताको स्वास्थ्य र सुरक्षामा खतरा :** नक्कली औषधि, विषादीयुक्त खाद्यवस्तु र अखाद्य पदार्थको मिसावट रोक्नुपर्छ।
- **बजार अनुगमनको प्रभावकारिता :** सङ्घ, प्रदेश र स्थानीय तहबीच समन्वय गरी अनुगमन प्रभावकारी बनाउनुपर्छ।
- **कानुनको कार्यान्वयन :** ठगी गर्ने व्यापारी तथा कम्पनीलाई क्षतिपूर्ति र कानुनी सजायको व्यवस्था लागू गर्नुपर्छ।
- **उपभोक्ता अदालतको उपयोग :** पीडित उपभोक्ताले न्याय र क्षतिपूर्तिका लागि अदालतमा उजुरी गर्नुपर्छ।
- **मूल्यमा एकरूपता :** एउटै वस्तुमा मनपरी मूल्य लिने प्रवृत्ति नियन्त्रण गर्नुपर्छ।
- **विद्युत् तथा सञ्चार सेवामा जिम्मेवारी :** तारको अव्यवस्था र प्राविधिक लापरबाहीबाट हुने क्षतिमा सम्बन्धित निकायलाई जिम्मेवार बनाउनुपर्छ।
- **गुणस्तरहीन सडक निर्माणमा कारबाही :** कमजोर सडक निर्माण र ठेकेदारको लापरबाही नियन्त्रण गर्नुपर्छ।
- **भ्रष्टाचार र अनियमितताको नियन्त्रण :** नक्कली निर्माण सामग्री प्रयोग गर्ने तथा कमजोर संरचना बनाउनेलाई कारबाही गर्नुपर्छ।

# ‘नयाँ पुस्ता’ कथासङ्ग्रह अध्ययन गर्दा – ४

✍ सुवर्ण श्रेष्ठ

**१६. ‘बिनाछलफलको निर्णय’ कथामा**

एक साहित्यप्रेमी बिन्दुप्रसाद ‘बिन्दु’ कापी र कलम हातमा लिई राति ३ बजेदेखि नै लेखन कार्यमा लाग्थे । साहित्य गोष्ठीमा उनी सभापति भई अनौपचारिक बैठक बोलाएको थियो । बैठकमा उनले कोरोना, डेङ्गु रोगको कारण स्वास्थ्य समस्या भएको प्रसङ्ग उल्लेख गर्दै स्वास्थ्य उपचारमा अव्यवस्था र बेवास्ता भएकोले सरकार नै नभएको जस्तो महसुस गरे । युवा लेखक, कवि, कलाकार एवम् उत्साही साहित्यकारहरू आ-आफ्नो परिवारको बन्दोबस्तको र वृत्ति विकासमा सङ्घर्षरत छन् । जसले गर्दा साहित्यिक पत्रिका बन्द छन्, साम्राज्यवादीहरूले कसरी फसाउँदा रहेछन् भन्नेबारे नेपाली जनतालाई सचेत पार्ने काम गर्न सकेनौं, बढी आत्मकेन्द्रित, स्वार्थी भयौं कि भनी आत्मालोचनाको आवश्यकता महसुस गरे । आफूहरूलाई नयाँ-नयाँ ज्ञान र जानकारीबाट अवगत गराई देश र जनताको सेवामा प्रस्तुत हुने भावना अनुकरणीय हो । केही साहित्यकारहरू पद र पैसाको लागि विदेशीको जालमा फस्दै छन्, देश नै छिमेकमा विलय गराउने सम्भावनालाई समेत सरकारमा गएकाहरूले हस्ताक्षर गरे । अन्तमा, अनौपचारिक रूपमा सभापति पदबाट राजीनामा दिँदा साथीहरूको बिचमा एक्लो महसुस गरे र मनमनै पछुताए ।

**१७. ‘राजनीतिक चौकीका चार पहरेदार’ कथामा**

राम अवकास प्राप्त कर्मचारी, लक्ष्मण व्यापारी, भरत शिक्षक र शत्रुघन कथाका पात्रहरू हुन् । शत्रुघन पुस्तकप्रेमी थिए; लेख्ने-पढ्ने गर्थे, व्यक्तिगत सरसफाइ आफै गर्थे; चार जना आपसमा प्रत्येक दिनजस्तो छलफल गर्थे । भरतले पत्रिका र पुस्तक छपाइको काम पनि गर्थे । तिनीहरू कम्युनको अभ्यासजस्तै गर्थे । जिल्ला-जिल्लाबाट आउनेलाई तालिम प्रशिक्षण गर्थे । पृथ्वीको उत्पत्तिदेखि पाषाण युग, दास युग, सामन्तवादी समाज, पुँजीवादी व्यवस्था, पेरिस कम्युनको विजय-पराजय, बोल्शेभिक क्रान्ति, पुँजीवादको पुनःस्थापना, साम्राज्यवाद, विश्व युद्धका परिणाम, विज्ञानको विकास र अर्थतन्त्रको बाटो, मानव समाजको भविष्यजस्ता विषयमा छलफल गर्थे ।

आफ्नो फाइदा वा सानो स्वार्थको निम्ति देश र आमाबुबा छोडेर जानेहरू र लडाइँमा चौकी छोडेर शत्रु सेनालाई विजय गराउनेहरूलाई देशद्रोही र विश्वासघाती मानिन्छ ।

**१८. ‘अनुत्तरित जिज्ञासा’ कथामा**

हरि शर्मा र गौरी कार्की पात्रहरू ‘परेवाको जोडी’ जस्तै थिए । उनीहरू सँगै पढ्ने, सँगै लेख्ने गर्थे; एक अर्काको घरमा नियमितजस्तो जाने आउने गर्थे । कलेजको पढाइ नसकिँदै हरि अमेरिका र गौरी अस्ट्रेलिया पुगे । जन्मदिनमा उनीहरू पुस्तक उपहार दिने गर्थे । जसमा बेलायती पुँजीवादी क्रान्ति, अमेरिकी स्वतन्त्रता आन्दोलन, फ्रान्सेली राज्य क्रान्ति तथा चर्चित विद्वान् र नेताहरूका जीवनी थिए । साथै ग्रीस, रोम, शेक्सपियरका नाटक, कथा र उपन्यासहरू पुस्तकालयबाट लाने गर्थे । तर, विदेशमा गएपछि ती दुवैले गलत निर्णय गरे, आत्महत्याको बाटो लिए ।

**१९. ‘भविष्यतिर हेरौं’ कथामा**

सुवास श्रीमान् र समा श्रीमती पात्रहरूको वार्तालाप उल्लेख छ । समालाई निको नहुने रोग लागेपछि सुवासलाई उनले अर्को केटीसँग विवाह गर्न र आफूलाई शान्तिपूर्वक जान अनुरोध गर्दा सुवासले आशावादी बन्न सुझाव दिए । आफूहरूका उद्देश्य पूरा गर्न दुई सन्तान भएको र उनीहरूले जनताको लागि योगदान गर्नेछन् भनी विश्वास दिलाए । समामा भारतीय नागरिक भएर दिल्लीमा औषधि उपचार गर्ने इच्छा थिएन । सुवासले आफ्नै देशमा राम्रो र स्तरीय अस्पताल बन्ने विश्वास दिलाए ।

**२०. ‘चार भाइको कथा’ मा**

जेठो सोझो, आज्ञापालक र अनुशासित शिक्षक थिए । माहिलो व्यापारी थिए । साहिँलो राजनीतिमा चाख राख्ने लेक्चरर थिए । कान्छो फरक स्वभावका थिए । कान्छोले आमा-बुबा जिउँदो हुँदा पैतृक सम्पत्ति चार भाग गरेरै छाड्यो । आमा-बुबा जेठो छोरासँग बसे । आमाबुबा बितेपछि तिनीहरूको सामान्य बोलचालबाहेक केही रहेन । कान्छो निजी कलेजमा अन्य स्टाफहरूसँग भिज्न सकेन । चलाख व्यापारीहरूसँग पार्टनर गर्दा पुँजी घट्दै गयो । उसको एकोहोरोपन, सुकुलगुन्डे र घमण्डी व्यवहार छोराछोरीलाई मन पर्दैनथ्यो । स्नातकपछि छोराछोरी अमेरिका र अस्ट्रेलिया पुगे । घरमा ऊ एक्लो भयो । समाजबाट पनि एक्लियो । २-३ दिन खाना नखाँदा थला पऱ्यो तर छिमेकीले अस्पताल पुऱ्याई ज्यान बचाए र अन्तमा अब सबैसँग मिलेर बस्ने र समाजको सेवा गर्ने वचन दियो ।

**२१. ‘दिदी, हामी भाइपूजामा आउनेछौं’ कथामा**

‘सानु’ र उसका बुबा, सानुको साथी मधु पात्र थिए । मधुले चलाएको मोटरसाइकलबाट एकजना बटुवा महिलालाई ठक्कर दिँदा चोट लाग्यो । घाइते दिदीका श्रीमान् र घरपति साह्रै भलादमी थिए । सानुका बुबाले सानु र मधुलाई दुर्घटना भएपछि सेवा-सहयोग गर्नुपर्ने, उपचार खर्च व्यहोर्नुपर्ने र पूर्ण उपचार नभएसम्म रेखदेख गर्नुपर्ने विषयमा सल्लाह दिए । गल्ती हुँदा माफी माग्नुपर्छ भने । उपचारपछि घाइते दिदीलाई भाइपूजामा भेट्ने विश्वास दिलाए ।

**२२. ‘छोरा-छोरीलाई शत्रुदेखि**




**सजग गराऔं’ कथामा**

डा. गोपी अवाल मध्यमवर्गको किसानका छोरा थिए । हेडसर गजेन्द्र माविका राम्रा शिक्षक थिए । अन्य डाक्टरहरू धनी र शोषकका छोराछोरी थिए । अन्य डाक्टरहरूसँगको सङ्गतले डा. गोपी पनि तिनीहरूको पछि लाग्दा गजेन्द्र सरले सम्झाउँदै डा. गोपीलाई भने, “क्यानडाका सर्जन डा. नर्मन बेथुन, भारतीय सर्जन द्वारिकानाथ कोटनिशजस्ता व्यक्तिहरूले भन्दै डाक्टरहरूले देश र जनताको निम्ति लड्ने घाइते सिपाहीहरूको उपचार गर्नुपर्दछ । डा. चे ग्वेभाराजस्तै क्रान्तिकारी बन्नुपर्छ ।”

गजेन्द्रसरको कुराले डा. गोपीले आफ्नो कर्तव्य र व्यवहारमा परिवर्तन गरे ।

समाजमा ठुलो परिवर्तन हुनासाथ धन-सम्पत्ति, रूप र यौवन, ज्ञान र जानकारी क्रान्तिको अगाडि तुच्छ हुनेछ । सबै जना जनतासँग मिल्न आउनेछन् ।

रुसको समाजवादी क्रान्तिको बेला करोडौं मजदुर, किसान तथा क्रान्तिकारी बुद्धिजीवीहरूले १२ घण्टा काम गरेर ८ घण्टाको मात्र ज्याला लिए । तिनीहरू ‘श्रमवीर’ ले सम्मान हुन्थे । क्रान्तिको केही वर्षपछि सोभियत सङ्घले बेलायत, अमेरिका र अन्य युरोपेली देशहरूलाई उछिन्यो ।

देश र समाजलाई अगाडि बढाउने उद्देश्यले नै राजनीतिक दलको स्थापना गरिन्छ । पार्टीलाई सहयोग गरेको भनी घमण्ड गर्ने होइन, आफ्नो कर्तव्य पालन गर्न सकेकोमा सन्तोष लिने हो ।

वर्गशत्रुहरूले कार्यकर्ताका छोराछोरीलाई हातमा लिएर समाज र घर-परिवार भाड्दै छन् रक्सी खुवाउँदै घरखेत नै कब्जा जमाउँदै छन् । त्यसैले, शोषकहरूको सङ्गत गर्न छोड्नुपर्दछ ।

**२३. ‘किसानको आक्रोश’ कथामा**

साइँला (तरकारी खेती गर्थे) र काइँला (गाईभैँसी पाल्थे) को वार्तालाप छ । सरकारले मित्र देश चीनले पठाएको लाखौं बोरा मल तातोपानी भन्सारमा थुपारेर राख्यो । लाखौं युवालाई विदेशीको ज्यामी बन्न पठायो । दक्षिणको दानापानी खाएर उनीहरूकै कुरा सुनेर त्यस्तो गरेको हुनुपर्छ । कलकारखाना तथा उद्योगहरू कौडीको मोलमा विदेशीलाई बेचिदिँदा हाम्रा मजदुरहरूले कामबाट हात धुनु पऱ्यो । मन नपरी नपरी घरखेत बन्धक राखेर, बेचाएर युवाहरूलाई विदेशीको ज्यामी बन्न जान बाध्य पारेका छन् । मल कारखाना खोल्ने आँटै गर्न सकेनन् । यिनीहरू साँच्चिकै किसान र मजदुरको सरकार या पार्टी होइनन् । अब साँच्चिकै काम र परिणामले किसान र मजदुरको आँसु पुछ्ने पार्टी र नेतालाई जिताउन कम्मर कसेर लाग्नुपर्छ ।

**२४. ‘एक सहयोगी’ कथामा**

‘सर’ को घरको कोठा व्यवस्थापन, फर्निचर तथा अन्य सामग्रीहरूको व्यवस्थापनबारे उल्लेख गरिएको छ । सरको दैनिक कार्यकलाप र सहयोगीको कार्यकलापबारे उल्लेख छ । सरका बुबा अवकाश प्राप्त ६५ वर्ष नाघेका पुराना कर्मचारी हुन् । ‘सर’ प्रुफ हेर्ने, पत्रपत्रिका- पुस्तकहरू पढ्ने लेख्ने गर्थे । युवा-युवतीहरू, पत्रकार र लेखकहरू सरलाई भेट्न र छलफल गर्न आउँथे । सरले आफू स्क्रीन सम्पादकमण्डलको अध्यक्ष भएको बताएका थिए ।

पत्रकारिता भनेको व्यवस्थाको विरोधमा निस्कने, व्यवस्थाको समर्थनमा लेख्ने, भएको सरकारलाई पल्टाउने, नयाँ मन्त्री र प्रधानमन्त्रीको पक्ष लिने, नयाँ मन्त्री एवम् प्रधानमन्त्री बनाउन चाँजोपाँजो मिलाउने थरी थरीका हुन्छन् ।

पञ्चायत कालमा ५० जनामा एकजना मात्र साँचो पत्रकार हुन्थ्यो । विद्यालयमा समेत शिक्षकको रूपमा गुप्तचर हुन्थ्यो ।

सहयोगीले सरको दैनिक जीवनका सबै काममा सहयोग गर्थे ।

# नेपालकै पहिलो पहल – ख्वप आदर निकेतन

✍ जेपी तिमिल्सिना

**रित्तिँदै गएका आँगन**

कुनै बेला गाउँका आँगनमा नातिनातिनाको हाँसो गुन्जिन्थ्यो । आज तिनै आँगनमा एउटा एक्लो मुढा छ, कोठाका ढोकामा ताल्चा झुन्डिएका छन् । बुढा आमाबुबा मोबाइलको सानो पर्दामा छोराछोरीको अनुहार हेरेर चित्त बुझाउँछन् । घर छ, खेत छ, सम्पत्ति छ । तर, बुढेसकालमा पानी खुवाउने, औषधि खान सम्झाइदिने र साँझपख भलाकुसारी गर्ने आफन्त छैनन् । यो कुनै एक घरको कथा होइन, आजको नेपालको साझा यथार्थ हो ।

राष्ट्रिय जनगणना २०७८ अनुसार २१ लाख ९० हजारभन्दा बढी नेपाली विदेशमा थिए । घरबाट अनुपस्थित कुल जनसङ्ख्या साढे ४४ लाख, अर्थात् कुल जनसङ्ख्याको १५.३ प्रतिशत पुगेको थियो । विद्यार्थी अवस्थामै विदेश जाने लहर झन् तीव्र छ । आर्थिक वर्ष २०८१/८२ मा मात्रै १ लाख २३ हजार ५८९ विद्यार्थीले विदेश अध्ययनको अनुमति लिए । ‘नेपालमा केही छैन’ भन्ने निराशाले युवालाई बाहिर धकेलिरहेको छ । घरमा बाँकी रहन्छन् - बुढा आमाबुबा, खाली कोठा र अन्तहीन प्रतीक्षा ।

**देश बनाउने पुस्ता, आज एक्लो**

यो त्यही पुस्ता हो, जसले श्रमदान गरेर गोरेटो खन्यो, विद्यालयका भित्ता उठायो र वन जोगायो । आफू नपढे पनि खेत बेचेर, ऋण काढेर सन्तानलाई पढायो । समाज, संस्कृति र संस्कारको जग बसाल्यो, नयाँ पुस्तालाई ठुला सपना देख्न सिकायो । आज त्यही सपनाले सन्तानलाई टाढा पुऱ्याएको छ । संयुक्त परिवार टुक्रिँदै छ । बुढ्यौलीसँगै आउने स्मरणशक्तिको कमजोरी, दीर्घ रोग, एक्लोपन र निराशा घरभित्रै चुपचाप बढिरहेका छन् । एक्लोपन केवल मनको पीडा होइन; यसले शरीरलाई पनि रोगी बनाउँछ ।

हाम्रो संस्कृतिले ‘मातृदेवः भव, पितृदेवः भव’ भन्छ । पुर्खाको सेवालाई पितृ ऋण तिर्ने धर्म मानिन्छ । तर, बदलिँदो समाजमा यो कर्तव्य परिवारको एक्लो काँधले मात्र बोक्न सक्दैन । यहींबाट समाज र स्थानीय सरकारको भूमिका सुरु हुन्छ ।

**भक्तपुरको पहल : दिउँसोको आपनै घर**

यही पीडाको जवाफ खोज्दै भक्तपुर नगरपालिकाले नेपालमै पहिलोपटक ज्येष्ठ नागरिकका लागि ‘आदर निकेतन’ को अवधारणा व्यवहारमा उतारेको छ । २०८३ असोज ५ गते नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ ‘रोहित’ ले ख्वप आदर निकेतनको उद्घाटन गर्नुभयो ।

यसको सबैभन्दा सुन्दर पक्ष यो वृद्धाश्रम नहुनु हो । बालबालिका बिहान विद्यालय गएर बेलुका घर फर्केझैं ज्येष्ठ नागरिक दिउँसो आदर निकेतन वा केन्द्रमा आउँछन् र साँझ परिवारकै काखमा फर्कन्छन् । यसले परिवारको नाता टुटाउँदैन, बरु घरमा कोही नहुँदाको दिउँसोको एक्लोपन मेटाउँछ ।

केन्द्र बिहान ९:३० देखि बेलुका ५ बजेसम्म खुल्छ । मासिक रु. एक हजारमात्र शुल्कमा सेवा पाइन्छ । स्वागत र स्वास्थ्य परीक्षणबाट दिन सुरु हुन्छ । त्यसपछि भलाकुसारी, हल्का व्यायाम, परम्परागत खेल, भजनकीर्तन, सीपमूलक काम, आराम र व्यक्तिगत सरसफाइमा दिन बित्छ । पोषणविज्ञको सल्लाहअनुसार फरक-फरक दिन मौसमी फलफूल, दूध, अण्डा, खीर, नरम तरकारी, जाउलो, रोटी, राजमा, चिउरा र सातु दिइन्छ । यहाँ खाना मात्र होइन, सम्मान पनि पस्किइन्छ । केन्द्रमा बिताएको दिनले ज्येष्ठ नागरिकलाई ‘म अझै समाजको हिस्सा हुँ’ भन्ने अनुभूति दिन्छ ।

**नेतृत्वको सोच : नीतिबाट व्यवहारसम्म**

नारायणमान बिजुक्छेँको भनाइ छ - “उमेरसँगै स्मरणशक्ति कमजोर हुने भएकाले ज्येष्ठ नागरिकलाई एक्लै छाड्नु हुँदैन । बालबालिकाका लागि विद्यालय र शिशु स्याहार केन्द्र भएझैं ज्येष्ठ नागरिकका लागि पनि हेरचाहका संस्थागत आधार चाहिन्छ ।” नगर प्रमुख सुनिल प्रजापतिले पोषण, स्वास्थ्य, सरसफाइ र मनोरञ्जनलाई समेटेर सेवा सञ्चालन गरिएको र यसलाई नगरका सबै वडामा विस्तार गरिने, ज्येष्ठ नागरिकको सम्मान र सुरक्षित जीवनका लागि यो सेवा अपरिहार्य रहेको उल्लेख गर्नुभएको छ ।

नगरपालिकाले २०७७ सालमै आदर निकेतन सेवासम्बन्धी ऐन बनाएको थियो । अहिलेको सञ्चालन त्यही दूरदर्शी नीतिको व्यावहारिक रूप हो । दिगो बजेट, दक्ष हेरचाहकर्ता, गुणस्तरीय सेवा र नियमित अनुगमनले यसलाई अझ बलियो बनाउनेछ ।

**संसारको अनुभव, हाम्रो पाठ**

विकसित देशहरूले ज्येष्ठ नागरिकको हेरचाहलाई बिलासिता होइन, आधारभूत पूर्वाधार मानेका छन् । विश्वकै सबैभन्दा वृद्ध जनसङ्ख्या भएको जापानले सन् २००० देखि दीर्घकालीन हेरचाह बीमा लागू गरी समुदायमै ‘डे सर्भिस’ अर्थात् दिवा हेरचाह केन्द्र विस्तार गरेको छ । करिब ३१ करोड ज्येष्ठ नागरिक भएको चीनले ९० प्रतिशतलाई घरमै, ७ प्रतिशतलाई सामुदायिक केन्द्रमा र ३ प्रतिशतलाई संस्थागत रूपमा हेरचाह गर्ने नीतिअन्तर्गत टोल-टोलमा दिवा केन्द्र र ज्येष्ठ नागरिक भोजनालय खोलेको छ । सिङ्गापुरले दस जनामध्ये आठ जना ज्येष्ठ नागरिकको घर नजिकै ‘एक्टिभ एजिङ सेन्टर’ पुऱ्याउने लक्ष्यसहित २०२४ सम्म २१४ केन्द्र बनाइसकेको छ भने दक्षिण कोरियाका गाउँ-गाउँका ‘ग्योङनोदाङ’ बुढापाकाको दिउँसोको साझा चौतारी बनेका छन् । विश्व स्वास्थ्य सङ्गठनको ‘ज्येष्ठ नागरिकमैत्री सहर तथा समुदाय’ अवधारणाले पनि सेवा घरबाट हिँडेर पुग्न सकिने दूरीमा हुनुपर्ने र ज्येष्ठ नागरिक समाजका सक्रिय अङ्ग बनिरहनुपर्नेमा जोड दिन्छ । यी सबै अनुभवको सार ख्वप आदर निकेतनमा देख्न सकिन्छ; फरक यति हो, भक्तपुरले यसलाई हाम्रै माटो, संस्कृति र स्रोतअनुसार सुरु गरेको छ ।

**कानुन छ, अब कार्यान्वयन चाहियो**

नेपालको संविधानको धारा ४१ ले ज्येष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण र सामाजिक सुरक्षाको हक दिएको छ । संविधानको अनुसूची-८ ले ज्येष्ठ नागरिकसम्बन्धी काम स्थानीय तहकै अधिकारभित्र राखेको छ । ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र सञ्चालनसम्बन्धी कार्यविधि, २०८३ ले यसको बाटो खोलिसकेका छन् । अर्थात्, कानुनको कमी छैन; कमी इच्छाशक्ति र कार्यान्वयनको छ । भक्तपुरले प्रमाणित गरेको छ - स्थानीय सरकार चाहे भने यो सम्भव छ ।

**दुई पुस्ता जोड्ने पुल**

ज्येष्ठ नागरिक अनुभव, इतिहास, संस्कार र सीपका जीवित पुस्तकालय हुन्; बालबालिका भविष्यका सम्भावना । आदर निकेतनलाई नजिकका विद्यालयसँग जोडेर विद्यार्थीको नियमित भेटघाट गराउन सकिन्छ । हजुरबा-हजुरआमाले लोककथा, गीत, उखानटुक्का, परम्परागत खेल, हस्तकला र रैथाने ज्ञान सिकाउनुहुन्छ । बदलामा विद्यार्थीले उहाँहरूलाई मोबाइल, भिडियो कल र डिजिटल भुक्तानी चलाउन सिकाउँछन् । यसले बालबालिकामा अग्रजप्रति श्रद्धा र संस्कार जगाउँछ । ज्येष्ठ नागरिकमा भने ‘मेरो ज्ञान अझै काम लाग्छ’ भन्ने आत्मसम्मान फर्काउँछ ।

**कर्णालीदेखि ७५३ स्थानीय तहसम्म**

भौगोलिक विकटता, छरिएका बस्ती र तीव्र बसाइँसराइ भएको कर्णालीजस्ता प्रदेशमा यस्तो सेवा झन् बढी आवश्यक छ । तर, यसका लागि महँगो भवन पर्खिनुपर्दैन । सुरुवात सानो र सस्तो तरिकाले गर्न सकिन्छ :

- सामुदायिक भवन, वडा कार्यालय वा विद्यालयको खाली कोठालाई ज्येष्ठ नागरिकमैत्री बनाएर प्रत्येक वडामा एउटा दिवा केन्द्र ।
- नजिकको स्वास्थ्य संस्था र महिला स्वास्थ्य स्वयम्सेविकामार्फत नियमित स्वास्थ्य परीक्षण ।
- केन्द्रसम्म आउन नसक्नेका लागि घरदैलो हेरचाह र परामर्श ।
- विदेशमा रहेका सन्तानले आफ्ना आमाबुबाको हेरचाहमा योगदान गर्न सक्ने ‘आमाबुबा सम्मान कोष’ ।
- स्थानीय युवालाई हेरचाहकर्ताको तालिम, जसले गाउँमै रोजगारी पनि सिर्जना गर्छ ।
- स्थानीय बजेटमा छुट्टै शीर्षक, सेवाको गुणस्तर मापदण्ड र नियमित अनुगमन ।

सङ्घले नीति, मापदण्ड र अनुदान; प्रदेशले प्राविधिक र आर्थिक समन्वय; स्थानीय तहले सेवा सञ्चालन र व्यवस्थापनको जिम्मेवारी लिए देशका ७५३ वटै स्थानीय तहमा आदर निकेतन पुऱ्याउन असम्भव छैन ।

**आदर खर्च होइन, लगानी हो**

मानिसलाई बाँच्न भोजन र छानो मात्र भएर पुग्दैन । माया, सम्मान, आत्मीयता र आफू अझै कसैका लागि महत्त्वपूर्ण छु भन्ने अनुभूति पनि उत्तिकै चाहिन्छ । ज्येष्ठ नागरिकलाई भोजन दिनु सेवा हो, स्वास्थ्य परीक्षण गर्नु संरक्षण हो, उनीहरूका कुरा सुन्नु सम्मान हो र उनीहरूको अनुभवलाई नयाँ पुस्तासँग जोड्नु भविष्यमा गरिएको लगानी हो ।

विकासको वास्तविक मापन फराकिला सडक र अग्ला भवनले मात्र हुँदैन; समाजका पुर्खा कति सुरक्षित, सम्मानित र सुखी छन् भन्ने कुराले हुन्छ । आज हामीले पुर्खालाई दिएको आदर नै भोलि हामीले पाउने आदरको जग हो ।

स्थानीय तहको हकमा नेपालमै पहिलोपटक यस्तो अनुकरणीय पहल गरेकोमा भक्तपुर नगरपालिका, यसको दूरदर्शी नेतृत्व, जनप्रतिनिधि, कर्मचारी र सेवामा खटिनुहुने सम्पूर्ण हातहरूप्रति हार्दिक आभार तथा धन्यवाद व्यक्त गर्दछु । भक्तपुरले बालेको यो दियो देशका हरेक गाउँ र सहरमा उज्यालो बनेर फैलियोस् ।




युरोपभर फैलिँदो युवा आन्दोलनको लहरमा सहभागी हुँदै डेनमार्कको राजधानी कोपनहेगनमा विद्यार्थी भत्तामा कटौती गर्ने र ती रकमलाई बढ्दो रक्षा खर्चतर्फ मोड्ने सरकारको प्रस्तावको विरोधमा प्रदर्शन गर्दै विद्यार्थीहरू नोभम्बर ४, २०२६ को दिन । डेनमार्कभर ४०,००० भन्दा बढी विद्यार्थीहरू हडतालमा उत्रिएका छन् । यी प्रदर्शनहरूले १८ वर्षभन्दा माथिका सबै विद्यार्थीलाई, उनीहरूका आमाबाबुको आम्दानी जे भए पनि, आर्थिक सहायता प्रदान गर्ने दशकौँ पुरानो भत्ता योजनामा प्रस्तावित परिवर्तनको विरोध गर्ने विद्यार्थीहरूलाई एकत्रित गरेको छ ।

*तस्बिर : अलजजिरा*

# कुनै पनि राष्ट्रपति वा चुनावले आक्रामक युद्ध गर्ने अमेरिकी प्रतिबद्धतालाई परिवर्तन गर्ने छैन !

**– ब्रायन बर्लेटिक**

अनुभवी भू-राजनीतिक विश्लेषक तथा पूर्वअमेरिकी मरीन ब्रायन बर्लेटिकले स्पुतनिकलाई बताएअनुसार, संयुक्त राज्य अमेरिकाले विगत साढे दुई दशकको हरेक दिन सैन्य, वित्तीय, आर्थिक र राजनीतिक साधनहरूको प्रयोग गर्दै जबरजस्ती, हस्तक्षेप र राजनीतिक कब्जाका माध्यमबाट विश्वव्यापी प्रभुत्व कायम गर्ने प्रयासमा बिताएको छ ।

"२१ औँ शताब्दीका प्रत्येक अमेरिकी प्रशासनले पदभार ग्रहण गर्दा मतदाताहरूसँग विश्वभरि चलिरहेका अमेरिकी आक्रामक युद्ध तथा हस्तक्षेपहरू अन्त्य गर्ने वाचा गरेको थियो । तर सत्तामा पुगेपछि उनीहरूले विद्यमान युद्धहरूलाई अझ विस्तार गरे र नयाँ युद्धहरू सुरु गरे," बर्लेटिक भन्छन् ।

मूलत:, हालको मध्यावधि चुनावको नतिजास्वरूप अमेरिकी काङ्ग्रेसमा जो कोही पुगे पनि, अमेरिका आफ्नो बाटोमा अघि बढिरहनेछ ।

"अमेरिकी विदेश नीति शक्तिशाली, अनिर्वाचित निगमहरू र वित्तीय संस्थाहरूले निर्धारण गर्छन्, जसले व्यापक पैरवीमार्फत अमेरिका दुवै राजनीतिक दलहरूलाई नियन्त्रण गर्छन् । उनीहरूको उद्देश्य प्रभुत्व (एचरुबअथ) कायम राख्नु तथा त्यसमार्फत आफ्नो नाफा र विश्वव्यापी प्रभाव विस्तार गर्नु हो" बर्लेटिक बताउँछन् ।

"जबसम्म यी विशेष स्वार्थ समूहहरूको पर्दाफास हुँदैन र तिनलाई अमेरिकाको राजनीतिक परिदृश्यबाट हटाइँदैन, तबसम्म बहुध्रुवीय विश्वले बाह्य रूपमा ल्याउन सक्ने परिवर्तनबाहेक अन्य कुनै अर्थपूर्ण परिवर्तन हुनेछैन ।"

यसैबिच, अमेरिकामा हुने चुनावले अमेरिकी विदेश तथा आन्तरिक नीतिको सबैभन्दा खराब नतिजाहरूका लागि बहाना र बलिको बोका खडा गरेर स्वदेशभित्र 'जनधारणा' व्यवस्थापन गर्न मद्दत पुऱ्याउँछ ।

युक्रेनी द्वन्द्वप्रति अमेरिकाको वर्तमान दृष्टिकोणमा देखिएको परिवर्तनहरूको सन्दर्भमा भन्नुपर्दा, अमेरिका कूटनीतिक पहलहरू प्रयोग गर्दै आफ्नो रूसविरुद्ध चलिरहेको छद्म युद्धलाई 'युरोपेली' युद्धको रूपमा पुन: परिभाषित गर्न खोजिरहेको छ, ताकि उसले आफैंले रूसविरुद्ध लडिरहेको युद्धका परिणामहरूबाट बच्न सकोस् ।

# चिनियाँ पूर्वपोलिटब्युरो सदस्य माविरुद्ध घुसको अभियोग

पेइचिङ, ५ नोभेम्बर (एपी) । चिनियाँ कम्युनिस्ट पार्टीका पूर्वपोलिटब्युरो सदस्य मा जिङरुइमाथि पदको दुरूपयोग गरी ठुलो परिमाणमा घुस लिएको अभियोग लगाइएको छ । पार्टीबाट निष्कासन गरिएको एक सातापछि बिहीबार उहाँविरुद्ध औपचारिक रूपमा अभियोग दर्ता गरिएको हो ।

मध्य चीनको हुबेई प्रान्तस्थित यिचाङ सहरका अभियोजनकर्ताहरूले माले नेतृत्वदायी पदमा रहँदा असाधारण रूपमा ठुलो रकम घुस लिएको र अरूलाई अनुचित लाभ पुऱ्याएको आरोप लगाएका छन् ।

सन् २०२२ मा पोलिटब्युरो सदस्य बनेका माविरुद्धको अनुसन्धान गत अप्रिलमा सार्वजनिक भएको थियो । त्यतिबेला उनीमाथि पार्टी अनुशासन र राष्ट्रिय कानुनको गम्भीर उल्लङ्घन गरेको आरोप लगाइएको थियो । उनी चिनियाँ राष्ट्रपति सी जिनपिङको भ्रष्टाचारविरोधी अभियानमा कारबाहीमा पर्ने पछिल्लो वरिष्ठ अधिकारी हुनुहुन्छ ।

गत साता सम्पन्न चिनियाँ कम्युनिस्ट पार्टी केन्द्रीय समितिको पाँचौँ पूर्ण अधिवेशनले अनुशासन सुदृढ गर्ने र भ्रष्टाचारविरुद्धको अभियानलाई थप प्रभावकारी बनाउने प्रस्ताव पारित गरेको थियो । बैठकले मासहित ३० भन्दा बढी वरिष्ठ अधिकारीलाई पार्टीबाट निष्कासन गर्ने निर्णय अनुमोदन गरेको थियो । निष्कासित हुनेमा यसै वर्षको सुरुसम्म सेनाको नेतृत्वमा रहेका एक वरिष्ठ जनरल पनि छन् ।

पोलिटब्युरोमा २४ सदस्य रहेकामा पछिल्लो समय मा र दुई सैन्य जनरल गरी तीन जना हटाइएका छन् । विश्लेषकहरूका अनुसार भ्रष्टाचारविरोधी अभियान भ्रष्टाचार नियन्त्रणसँगै राष्ट्रपति सीप्रतिको राजनीतिक निष्ठा सुनिश्चित गर्ने माध्यमसमेत बनेको छ ।

मा सन् २०२५ सम्म सिन्जियाङ क्षेत्रको कम्युनिस्ट पार्टी प्रमुख थिए । त्यसअघि उनले हङकङसँग सीमा जोडिएको चीनको प्रमुख औद्योगिक प्रान्त गुआङ्डोङको गभर्नरका रूपमा काम गरेका थिए । चिनियाँ शासन प्रणालीमा प्रान्तीय गभर्नरभन्दा कम्युनिस्ट पार्टीका प्रमुखको पद शक्तिशाली मानिन्छ ।

# मध्यावधि हारपछि २०२८ को दौड तीव्र

वासिङ्टन, ५ नोभेम्बर (एएफपी) । अमेरिकी मध्यावधि निर्वाचनमा राष्ट्रपति डोनाल्ड ट्रम्पको रिपब्लिकन पार्टी पराजित भएपछि सन् २०२८ को राष्ट्रपतीय निर्वाचनका लागि दुवै दलभित्र उम्मेदवारीको प्रतिस्पर्धा चर्किने सङ्केत देखिएको छ । हारले उपराष्ट्रपति जे.डी. भान्सको सम्भावना कमजोर बनाएको छ भने डेमोक्रेटिक पार्टीका युवा नेता जोन ओसोफको चर्चा बढाएको छ ।

रिपब्लिकन पार्टीका सम्भावित उम्मेदवार भान्स ट्रम्पसँग निकट रहेकाले मध्यावधिको पराजयको राजनीतिक असर भोग्नुपर्ने जोखिममा छन् । उनले इरानविरुद्धको अलोकप्रिय युद्धलाई हारको कारण बताउँदै आफूलाई त्यसबाट अलग देखाउन खोजेका छन् । विदेशमन्त्री मार्को रुबियो, फ्लोरिडाका गभर्नर रोन डिसान्टिस र टेक्सासका सिनेटर टेड क्रुज पनि सम्भावित दाबेदारका रूपमा चर्चामा छन् । तर, ट्रम्प प्रशासनका अधिकारीहरूलाई इरान युद्धको प्रभावबाट अलग रहन कठिन हुने विश्लेषण गरिएको छ ।

डेमोक्रेटिक पार्टीमा जर्जियाका ३९ वर्षीय सिनेटर जोन ओसोफको पुन:निर्वाचनले उनको राष्ट्रपतीय उम्मेदवारीबारे चर्चा बढाएको छ । उनले दौडमा रुचि नरहेको बताउनु भए पनि युवा छवि र विजयले पार्टीभित्र प्रभाव बढाएको छ । उनको तुलना पूर्वराष्ट्रपति बाराक ओबामासँगसमेत हुन थालेको छ ।

पूर्वउपराष्ट्रपति कमला ह्यारिस, पेन्सिलभेनियाका गभर्नर जोश शापिरो र क्यालिफोर्नियाका निवर्तमान गभर्नर गेभिन न्यूसम पनि सम्भावित उम्मेदवार हुन् । यद्यपि, पार्टीभित्र नयाँ अनुहारलाई अवसर दिनुपर्ने मतसमेत बलियो छ । न्युयोर्ककी सांसद अलेक्जान्ड्रिया ओकासियो-कोर्टेज, सिकागोका पूर्वमेयर रहम इमानुएल, इलिनोइसका गभर्नर जेबी प्रिट्जकर, केन्टकीका गभर्नर एन्डी बेशियर र एरिजोनाका सिनेटर मार्क केलीको नाम पनि चर्चामा छ ।

सन् २०१६ र २०२४ मा ट्रम्पलाई सत्तामा पुऱ्याएको 'मागा' गठबन्धन मध्यावधिमा कमजोर बनेपछि रिपब्लिकन पार्टीमा नेतृत्वको उत्तराधिकार थप अनिश्चित भएको छ । निर्वाचन परिणामले सन् २०२८ को राष्ट्रपतीय उम्मेदवारीका लागि दुवै दलभित्र नयाँ समीकरण र प्रतिस्पर्धाको आधार तयार गरेको छ ।

# यमनको सैन्य शिविरमा हूथी आक्रमण, १३ जनाको मृत्यु

साना, ५ नोभेम्बर (सिन्हुवा) । यमनको दक्षिणी प्रान्त अल-धालियाको एक सैन्य प्रशिक्षण केन्द्र ( शिविर) मा भएको हुथी ब्यालिस्टिक क्षेप्यास्त्र आक्रमणमा १३ जना सैन्य कर्मचारीको मृत्यु हुनुका साथै अन्य ६५ जना घाइते भएको सरकारी सैन्य अधिकारीलाई उद्धृत गर्दै सिन्हुवाले जनाएको छ ।

सैन्य अधिकारीले सुरक्षा खतराको कारण, नाम न छाप्ने सर्तमा बोल्दै, आक्रमणले उत्तरी अल-धलिया, कतबाह जिल्लाको एक सैन्य सुविधामा प्रहार गरेको उल्लेख गरेका छन् । अधिकारीका अनुसार आक्रमणको समयमा भर्खरै भर्ती भएका सरकारी सैनिकहरूले बिहानीको अभ्यास गरिरहेका थिए । उहाँले आक्रमणको जिम्मेवार पक्ष हुथी विद्रोही समूह भएको उल्लेख गर्नुभएको छ ।

हुथीद्वारा सञ्चालित अल-मासिराह टिभीले दक्षिणपश्चिमी प्रान्त ताइजको हेफान जिल्लाको एक घरमा भएको साउदी हवाई आक्रमणमा तीन बालबालिका र एक महिलाको मृत्यु हुनुका साथै अन्य चार बालबालिका घाइते भएको रिपोर्ट गरेको छ ।

ताइजमा भएको अर्को आक्रमणमा, च्याननले पश्चिमी ताइजको मकबाना जिल्लाको एउटा घरमा भएको हवाई आक्रमणमा १० जना भन्दा बढी मानिस मारिएको वा अन्य घाइते भएको बताएको छ ।

यसले आक्रमणको बारेमा तत्काल जानकारी प्रदान नगरी अल-बायदा प्रान्तको मध्य प्रान्तको धि नाइम जिल्ला र सादा प्रान्तको मारान क्षेत्रमा दूरसञ्चार सुविधाहरूमा साउदी हवाई आक्रमण गरेको पनि रिपोर्ट गरेको छ ।

सामाजिक सञ्जाल एक्समा गरिएको एक पोष्टमा हुथी सैन्य प्रवक्ता याह्या सारियाले साउदी सेनाले विगत २४ घण्टामा १०४ वटा हवाई र क्षेप्यास्त्र आक्रमण गरेको र दर्जनौँ मानिसहरू मारिएको तथा घाइते भएको दाबी गरेका छन् जसमा जसमा अधिकांश महिला तथा बालबालिका रहेका थिए ।

हाल साउदी नेतृत्वको गठबन्धनद्वारा समर्थित हुथीहरू र सरकारी सेनाहरूबिच बढ्दो लडाइँको बिचमा यी आक्रमणहरू भएका छन् भने धेरै यमनी प्रान्तहरूमा स्थलगत लडाइँ र हवाई आक्रमणहरू बढेको छ ।

यो द्वन्द्व हाल छिमेकी मुलुक साउदी अरबमा पनि फैलिएको छ, जहाँ हुथीहरूले विमानस्थल, सैन्य सुविधाहरू र तेल प्रशोधन केन्द्रहरूमा बारम्बार क्षेप्यास्त्र तथा ड्रोन आक्रमण जारी राखेको दाबी गरेका छन् ।

यमनमा सन् २०१४ को अन्त्यदेखि द्वन्द्व जारी छ । हुथीहरूले यमनको राजधानी साना र देशको उत्तरको अधिकाशं भाग कब्जा गरेपछि साउदी नेतृत्वको गठबन्धनलाई सन् २०१५ मा अन्तर्राष्ट्रिय मान्यता प्राप्त सरकारको समर्थनमा हस्तक्षेप गर्न प्रेरित गरेको जनाइएको छ ।

## विश्व सङ्क्षेप

# अमेरिकी चुनावले चीनसँगको सम्बन्धमा चुनौती

पेइचिङ, ५ नोभेम्बर (एएफपी) । अमेरिकी मध्यावधि निर्वाचनमा डेमोक्रेटिक पार्टीको सफलताले चीनसँगको सम्बन्धमा नयाँ अवसर र चुनौती सिर्जना गर्ने विश्लेषकहरूले बताएका छन् । कङ्ग्रेसका दुवै सदनमा डेमोक्रेटहरूको नियन्त्रण कायम भए राष्ट्रपति डोनाल्ड ट्रम्पको चीन नीतिमा अङ्कुश लाग्न सक्ने भए पनि द्विपक्षीय सम्बन्धमा तत्काल सुधार हुने सम्भावना कम रहेको उनीहरूको विश्लेषण छ ।

डेमोक्रेटहरूको नियन्त्रणले चीनमाथि लगाइएको अमेरिकी भन्सार शुल्क सीमित हुन सक्नेछ । यसले व्यापार वार्तामा शुल्कलाई दबाबको अस्त्र बनाउने ट्रम्पको क्षमता कमजोर पार्न सक्ने फुदान विश्वविद्यालयका प्राध्यापक वु सिन्बोले बताउनुभएको छ । यद्यपि, अमेरिकी श्रमिक र साना व्यवसायमाझ शुल्क लोकप्रिय रहेकाले त्यसलाई हटाउन डेमोक्रेटहरूलाई पनि कठिन हुने विश्लेषकहरूको भनाइ छ ।

ताइवानको विषयले भने दुई देशबिचको तनाव बढाउन सक्ने देखिएको छ । ट्रम्प प्रशासनले चीनसँगको वार्तामा मोलमोलाइका लागि ताइवानलाई १४ अर्ब डलर बराबरका हतियार बिक्री प्रक्रिया रोकेको छ । डेमोक्रेटहरूको दबाबमा उक्त बिक्री पुन: सुरु भए चीनसँगको सम्बन्ध थप तनावपूर्ण हुन सक्ने विश्लेषकहरूको आकलन छ ।

निर्वाचनपछि ट्रम्प राजनीतिक रूपमा कमजोर बने पनि चीनले उहाँसँगको उच्चस्तरीय संवाद जारी राख्ने सम्भावना रहेको ब्रुकिङ्स इन्स्टिच्युसनकी प्याट्रिसिया किमले बताउनुभएको छ । चीनले ट्रम्पको कमजोर अवस्थालाई दबाब बढाउन उपयोग गर्न सक्ने भए पनि उहाँलाई गैरजिम्मेवार कदम चाल्न बाध्य पार्ने गरी अघि नबढ्ने एसओएएस चाइना इन्स्टिच्युटका निर्देशक स्टिभ साङको भनाइ छ ।

विश्लेषकहरूका अनुसार निर्वाचनले अमेरिका-चीन शक्ति सन्तुलनमा परिवर्तन ल्याए पनि दुई देशबिचको प्रतिस्पर्धा र अविश्वास तत्काल अन्त्य हुने सम्भावना छैन ।

# हर्मुज जलडमरुमा दक्षिण कोरियाली सेना परिचालन गर्ने तयारी

सियोल, ५ नोभेम्बर (एएफपी) । दक्षिण कोरियाले हर्मुज जलडमरु आसपासको समुद्री मार्ग खुला राख्न गस्ती विमान, युद्धपोत र विस्फोटक पदार्थ निष्क्रिय पार्ने टोली परिचालन गर्ने भएको छ । तर, इरानसँगको युद्धमा प्रत्यक्ष संलग्न नहुने नीति कायम राख्दै मिसनलाई गैरलडाकू भूमिकामा सीमित गरिने रक्षा मन्त्रालयले जनाएको छ ।

सरकारले सोमालियाको एडनको खाडीमा व्यापारिक जहाजको सुरक्षामा खटिएको चेओङ्हे नौसैनिक एकाइको कार्यक्षेत्र विस्तार गर्ने योजना बनाएको छ । योन्हाप समाचार एजेन्सीका अनुसार मिसनमा पी-८ समुद्री गस्ती विमान, मानवरहित जलयान तथा पानीमुनि निगरानी गर्ने उपकरणसमेत परिचालन गरिनेछ । यसका लागि संसद्को स्वीकृति आवश्यक पर्नेछ ।

रक्षा मन्त्रालयका अधिकारीका अनुसार टोलीले सहयोगी मुलुकका सेनाबाट स्वतन्त्र रूपमा काम गर्नेछ । परिचालन ओमानको दक्षिणतर्फको खुला समुद्री क्षेत्रमा सीमित हुनेछ भने इरानी भूभाग र जलक्षेत्रमा निगरानी गर्न अनुमति दिइने छैन ।

फेब्रुअरी २८ देखि जारी अमेरिका-इरान युद्धका कारण विश्वको करिब पाँच भागको एक भाग तेल आपूर्ति हुने हर्मुज जलडमरुको ढुवानी प्रभावित भएको छ । यसअघि राष्ट्रपति ली जे म्युङले युद्धमा प्रत्यक्ष सैन्य हस्तक्षेप नगर्ने दक्षिण कोरियाको नीति कायम रहने बताउनुभएको थियो ।

यसैबिच, हर्मुजको सुरक्षाका नाममा दक्षिण कोरियालाई सैन्य टोली परिचालन नगर्न इरानले चेतावनी दिँदै आएको छ ।

# तिहार : अन्धविश्वास, रूढिवाद र विकृतिविरुद्ध चेतना फैलाउँदै श्रम, संस्कृति र सामाजिक एकताको पर्व बनाऔँ

नेपाल बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक र बहुधार्मिक विशेषता बोकेको देश हो । यहाँ मनाइने विभिन्न चाडपर्वहरूले समाजको ऐतिहासिक विकासक्रम, सांस्कृतिक पहिचान र सामाजिक सम्बन्धलाई प्रतिबिम्बित गर्छन् । तिहार पनि नेपाली समाजको एउटा महत्त्वपूर्ण सांस्कृतिक पर्व हो । घरआँगन सफा गर्ने, दीपावली गर्ने, देउसीभैलो खेल्ने, माला लगाउने र मिठोमसिनो खाने परम्पराले नेपाली समाजको सांस्कृतिक जीवनलाई जीवन्त बनाएको छ । उज्यालो, फूल, माला, देउसी-भैलो र आपसी सद्भावसँग जोडिएको यस पर्वको आफ्नै ऐतिहासिक तथा सांस्कृतिक महत्त्व छ । तर, कुनै पनि चाडपर्वलाई केवल धार्मिक आस्था र परम्पराको सीमाभित्र राखेर हेर्नु पर्याप्त हुँदैन । त्यसलाई सामाजिक, आर्थिक, सांस्कृतिक र वैज्ञानिक दृष्टिकोणबाट पनि विश्लेषण गर्न आवश्यक छ ।

तिहारलाई यमपञ्चकका रूपमा पाँच दिनसम्म मनाइन्छ । काग तिहार, कुकुर तिहार, लक्ष्मीपूजा, गोवर्द्धन पूजा र भाइटीकाका रूपमा मनाइने यस पर्वमा मानिसले प्रकृति, पशुपक्षी, कृषि, धनसम्पत्ति र पारिवारिक सम्बन्धलाई विशेष महत्त्व दिएको पाइन्छ । तिहारमा कागलाई सन्देशवाहक, कुकुरलाई यमदूतको सहयोगी तथा सुरक्षाको प्रतीक र गाईलाई कृषि तथा पशुपालनको आधार एवम् लक्ष्मीको प्रतीकका रूपमा पूजा गर्ने धार्मिक मान्यता पाइन्छ । गोरुलाई कृषि उत्पादनको सहयोगीका रूपमा सम्मान गर्ने परम्परा आफैंमा मानव समाज र प्रकृतिबिचको अन्तरसम्बन्धको सांस्कृतिक अभिव्यक्ति हो ।

विशेष गरी लक्ष्मीपूजाका सन्दर्भमा धनसम्पत्तिलाई देवीको रूपमा व्याख्या गर्ने धार्मिक मान्यता प्रचलित छ । तर, समाजको वास्तविक समृद्धि श्रम, उत्पादन, सीप, प्रविधि र न्यायपूर्ण आर्थिक व्यवस्थाबाट सम्भव हुन्छ । मेहनत गर्ने श्रमिक, किसान, मजदुर, उद्यमी र उत्पादनशील जनशक्तिको योगदानबिना कुनै पनि समाज समृद्ध हुन सक्दैन । त्यसैले धनको पूजा गर्नुभन्दा धन उत्पादन गर्ने श्रमको सम्मान गर्नु आजको आवश्यकता हो । गरिबी, बेरोजगारी र आर्थिक असमानता कायम राखेर गरिने तडकभडकपूर्ण चाडपर्वले सामाजिक न्यायको लक्ष्य पूरा गर्न सक्दैन ।

काठमाडौं उपत्यकाका नेवार समुदायले तिहारको अवसरमा मनाउने म्ह:पूजा यस पर्वको अत्यन्त महत्त्वपूर्ण सांस्कृतिक तथा दार्शनिक पक्ष हो । विशेष गरी नेपाल संवत्का नयाँ वर्ष अर्थात् कछलाथ्व पारुका दिन नेवार समुदायले म्ह:पूजा गर्छन् । यसमा तिहारको सांस्कृतिक विविधता र नेवार समुदायको मौलिक पहिचान पनि समेटिन्छ । म्ह:पूजा : आत्मसम्मान, अस्तित्व र मानव मर्यादाको सांस्कृतिक अभिव्यक्ति हो । काठमाडौं उपत्यकाका नेवार समुदायमा म्ह:पूजा तिहारसँग जोडिएको विशिष्ट सांस्कृतिक परम्परा हो । नेपालभाषामा 'म्ह:' को अर्थ शरीर वा आफू भन्ने हुन्छ । त्यसैले, म्ह:पूजा भनेको आफ्नै शरीर अर्थात् आफ्नो अस्तित्वको पूजा गर्नु हो । यस दिन परिवारका सदस्यहरूलाई छुट्टाछुट्टै मण्डल बनाएर पूजा गरिन्छ । सगुन, फलफूल, फूलमाला, बत्ती र विभिन्न खाद्य सामग्री चढाएर दीर्घायु, स्वस्थ जीवन र सुखसमृद्धिको कामना गरिन्छ ।

म्ह:पूजालाई धार्मिक कर्मकाण्डका रूपमा मात्र बुझ्नु उचित हुँदैन । यसको एउटा महत्त्वपूर्ण दार्शनिक पक्ष मानिसले आफ्नै अस्तित्व, शरीर र जीवनको महत्त्व स्वीकार गर्नु हो । मानिसको जीवन मूल्यवान् छ, आफ्नो शरीर र स्वास्थ्यको संरक्षण गर्नुपर्छ र प्रत्येक व्यक्तिको अस्तित्वको सम्मान गर्नुपर्छ भन्ने सन्देश यस परम्परामा अन्तर्निहित छ । मानिसको शरीर नै उसको जीवन, श्रम, सिर्जना र सामाजिक अस्तित्वको आधार हो । मानिसले आफ्नो श्रम र बुद्धिबाट समाज निर्माण गर्छ । त्यसैले, मानिसको जीवन र श्रमको सम्मान गर्नु म्ह:पूजाको एउटा व्याख्या हुन सक्छ । मानिसको वास्तविक कल्याण कुनै अलौकिक शक्तिको कृपामा होइन, स्वस्थ जीवन, श्रम, ज्ञान, सामाजिक सम्बन्ध र न्यायपूर्ण समाज निर्माणमा निर्भर हुन्छ । म्ह:पूजामा परिवारका सबै सदस्यलाई मण्डलमा राखेर गरिने पूजाले पारिवारिक एकता र प्रत्येक व्यक्तिको महत्त्वलाई पनि अभिव्यक्त गर्छ । तर, यसको सन्देश परिवारभित्र मात्र सीमित रहनु हुँदैन । जात, भाषा, धर्म, लिङ्ग र आर्थिक अवस्थाका आधारमा कसैलाई पनि सानो वा ठुलो ठान्नु हुँदैन । प्रत्येक मानिसको समान अस्तित्व र मर्यादा स्वीकार गर्नु नै यसको व्यापक सामाजिक सन्देश हुनुपर्छ । नेपाल संवत्को नयाँ वर्षसँगै मनाइने म्ह:पूजाले नयाँ वर्षलाई नयाँ सङ्कल्प र नयाँ उत्साहका साथ स्वागत गर्ने अवसर पनि प्रदान गर्छ । त्यसैले, यसलाई पुरानो वर्षको बिदाइ र नयाँ वर्षको स्वागत मात्र नभई व्यक्तिगत जीवनसँगै सामाजिक जीवनमा सकारात्मक परिवर्तनको सङ्कल्प गर्ने दिनका रूपमा पनि लिन सकिन्छ । म्ह:पूजाले मानिसको अस्तित्वको सम्मान गर्न सिकाउँछ, प्रत्येक मानिसलाई समान अधिकार, सम्मान र अवसरसहित बाँच्न पाउने समाज निर्माण गर्न प्रेरित गर्छ ।

तिहार पर्वले दाजुभाइ तथा दिदीबहिनीबिचको आत्मीयता, पारिवारिक सम्बन्ध, आपसी सद्भाव र सामाजिक एकताको सन्देश दिन्छ । पाँच दिनसम्म मनाइने तिहारमा भाइटीकाको विशेष महत्त्व छ । तिहारको भाइटीका दाजुभाइ र दिदीबहिनीबिचको प्रेम तथा सद्भाव र आत्मीयताको प्रतीक हो । दिदीबहिनीको सुरक्षा, सम्मान र अधिकारको प्रत्याभूति केवल भाइटीकाको दिन टीका लगाएर पूरा हुँदैन । यस अवसरलाई महिला र पुरुषबिचको समानता, पारस्परिक सम्मान र अधिकारको विषयसँग पनि जोड्न आवश्यक छ । महिलालाई केवल परम्परा निर्वाह गर्ने भूमिकामा सीमित राख्ने होइन, समाजको समान अधिकार प्राप्त र निर्णायक सदस्यका रूपमा स्थापित गर्नुपर्छ । दाजुभाइले दिदीबहिनीको रक्षा गर्ने मात्र होइन, दिदीबहिनीले पनि दाजुभाइको सुखदुःखमा समान सहभागिता जनाउने पारस्परिक सम्बन्ध विकास हुनुपर्छ ।

तिहारको उज्यालोमा समाजका श्रमिक, किसान, मजदुर, साना व्यवसायी र विपन्न समुदायको जीवन पनि उज्यालो बन्नुपर्छ । खेतबारीमा पसिना बगाउने किसान, उद्योगमा श्रम गर्ने मजदुर, सडक र निर्माण क्षेत्रमा काम गर्ने श्रमिक तथा दैनिक ज्यालादारीमा जीवन गुजारा गर्ने जनताको श्रमबिना समाजको आर्थिक जीवन चल्न सक्दैन । तर, चाडपर्वको समयमा समेत उनीहरूको जीवनमा अभाव, महँगी र आर्थिक असुरक्षा कायमै रहन्छ । त्यसैले तिहारलाई श्रमको सम्मान गर्ने, श्रमिकको अधिकार स्थापित गर्ने र समाजमा विद्यमान आर्थिक असमानताविरुद्ध आवाज उठाउने अवसरका रूपमा लिनुपर्छ ।

राज्यले पनि चाडपर्वलाई केवल औपचारिक शुभकामना र भाषणमा सीमित नगरी महँगी नियन्त्रण, बजार अनुगमन, गुणस्तरीय खाद्यान्नको उपलब्धता, यातायात व्यवस्थापन र श्रमिकको अधिकार संरक्षणमा ठोस कदम चाल्नुपर्छ ।

महिलामाथि हुने हिंसा, दाइजो प्रथा, घरेलु शोषण, लैङ्गिक विभेद र असमानताविरुद्ध परिवार तथा समाजले निरन्तर सङ्घर्ष गर्नुपर्छ । दिदीबहिनीलाई समान अधिकार, शिक्षा, रोजगारी र निर्णय प्रक्रियामा समान सहभागिता सुनिश्चित गर्नु नै भाइटीकाको आत्मीयतालाई वास्तविक सामाजिक अर्थ दिनु हो ।

तर, कुनै पनि चाडपर्वलाई केवल परम्पराको निरन्तरताका रूपमा मात्र हेर्नु पर्याप्त हुँदैन । त्यसको ऐतिहासिक पृष्ठभूमि, सामाजिक महत्त्व, आर्थिक पक्ष र वर्तमान समाजमा परेको प्रभावबारे पनि दृष्टिकोण राख्नु आवश्यक छ । तिहारलाई अन्धविश्वास, रूढिवाद र अनावश्यक खर्चको माध्यम होइन, वैज्ञानिक चेतना, मानवीय मूल्य र सामाजिक रूपान्तरणको अवसरका रूपमा ग्रहण गर्नुपर्छ । समाजमा प्रचलित सबै सांस्कृतिक परम्परा समान रूपमा उपयोगी हुँदैनन् । कतिपय परम्पराले मानव जीवनलाई सहज, आत्मीय र व्यवस्थित बनाएका छन् भने कतिपयले अन्धविश्वास, विभेद र शोषणलाई समेत निरन्तरता दिएका छन् । त्यसैले, संस्कृतिको संरक्षण गर्ने नाममा हरेक पुरानो प्रचलनलाई जस्ताको तस्तै स्वीकार गर्नु वैज्ञानिक सोच होइन । यी मान्यतालाई धार्मिक विश्वास र सांस्कृतिक प्रतीकका रूपमा बुझ्नुपर्छ । तर, यी पशुपक्षीको वास्तविक महत्त्व भने प्रकृति र मानव जीवनसँगको सम्बन्धमा निहित छ । कुकुरको निष्ठा, गाईको कृषि तथा आर्थिक जीवनमा योगदान र कागको पर्यावरणीय भूमिकालाई सम्मान गर्नु नै व्यवहारिक चेतना हो । एक दिन पूजा गरेर वर्षभरि पशुपक्षीमाथि दुर्व्यवहार गर्ने प्रवृत्तिको अन्त्य हुनुपर्छ ।

सामाजिक प्रतिष्ठाका लागि फजुल खर्च गर्ने प्रवृत्तिले निम्न तथा मध्यम वर्गीय परिवारलाई थप आर्थिक बोझमा पारेको छ । चाडपर्वको आनन्द धनसम्पत्तिको प्रदर्शनमा होइन, आपसी आत्मीयता र सद्भावमा हुन्छ । गरिब परिवारले चाडपर्व मनाउन नसक्ने र धनी परिवारले विलासिताको प्रदर्शन गर्ने सामाजिक अवस्थालाई सामान्य मान्न सकिँदैन । यस्तो असमानताविरुद्ध सामाजिक चेतना निर्माण गर्नु आजको आवश्यकता हो । यस्ता गतिविधिले तिहारको वास्तविक सांस्कृतिक महत्त्वलाई कमजोर बनाउँछन् । परम्पराका नाममा समाजलाई अन्धविश्वास, रूढिवाद र आर्थिक बोझतर्फ धकेल्नु कदापि उचित हुन सक्दैन । तिहार उज्यालो र आत्मीयताको पर्व हो । तर, वास्तविक उज्यालो भनेको घरमा बत्ती बाल्नु मात्र होइन, समाजमा व्याप्त अज्ञानता, अन्धविश्वास, शोषण, विभेद, अन्याय र असमानताको अँध्यारो हटाउनु हो । दीपावलीको उज्यालोले जनताको जीवनमा शिक्षा, स्वास्थ्य, रोजगारी, समानता र सामाजिक न्यायको उज्यालो ल्याउन सके मात्र यसको वास्तविक सार्थकता स्थापित हुनेछ । संस्कृति समाजको जीवन्त सम्पत्ति हो, तर संस्कृति परिवर्तनशील पनि हुन्छ । समय र समाजको आवश्यकताअनुसार संस्कृतिलाई मानवहितमुखी बनाउनु नै वैज्ञानिक दृष्टिकोण हो ।

हामीलाई अन्धविश्वासको होइन, वैज्ञानिक चेतनाको तिहार चाहिएको छ । देखासिकी र फजुल खर्चको होइन, श्रम र उत्पादनको तिहार चाहिएको छ । विभेद र असमानताको होइन, समानता र सामाजिक न्यायको तिहार चाहिएको छ ।

देउसीभैलो तिहारको मौलिक सांस्कृतिक विशेषता हो । विगतमा यसले गाउँघरका मानिसलाई एक ठाउँमा जुटाउने, सुखदुःख साटासाट गर्ने र सामूहिक जीवनलाई बलियो बनाउने काम गर्थ्यो । तर, पछिल्लो समयमा कतिपय ठाउँमा देउसीभैलो अत्यधिक रकम सङ्कलन गर्ने, अनावश्यक खर्च गर्ने र मनोरञ्जनका नाममा विकृत गतिविधि प्रदर्शन गर्ने माध्यम पनि बनेको छ ।

देउसीभैलोलाई सामाजिक चेतना फैलाउने अभियान बनाउन सकिन्छ । शिक्षा, स्वास्थ्य, सरसफाइ, वातावरण संरक्षण, भ्रष्टाचारविरोधी अभियान, महिला समानता र सामाजिक न्यायका विषयलाई देउसीभैलोका गीतमार्फत जनतासमक्ष पुऱ्याउन सकिन्छ । यसले संस्कृतिलाई जीवन्त राख्नुका साथै समाज परिवर्तनको अभियानमा पनि योगदान पुऱ्याउनेछ । देउसी-भैलो मनोरञ्जन र आर्थिक सङ्कलनको माध्यम मात्र होइन, यो सामूहिक सिर्जना, लोकसंस्कृति र सामाजिक चेतना अभिव्यक्त गर्ने माध्यम पनि हो । विगतमा देउसी-भैलोमार्फत समाजका विकृति, विसङ्गति र शासकवर्गका कमजोरीमाथि व्यङ्ग्य गरिन्थ्यो । आज पनि देउसी-भैलोलाई सामाजिक चेतना फैलाउने, श्रमजीवी जनताको आवाज उठाउने, भ्रष्टाचार, शोषण, अन्याय र विभेदविरुद्ध जनमत निर्माण गर्ने माध्यम बनाउन सकिन्छ । संस्कृतिलाई जीवन र समाजसँग जोड्नु नै यसको जीवन्तता हो ।

आज देश आर्थिक सङ्कट, बेरोजगारी, भ्रष्टाचार, महँगी र राजनीतिक अस्थिरताबाट गुज्रिरहेको छ । लाखौं युवा रोजगारीका लागि विदेसिन बाध्य छन् । किसानले आफ्नो उत्पादनको उचित मूल्य पाउन सकेका छैनन् । मजदुरको श्रमको उचित सम्मान छैन । यस्तो अवस्थामा चाडपर्वको नाममा हुने अनुत्पादक खर्च र उपभोगवादी संस्कृतिलाई प्रोत्साहन गर्नुको सट्टा स्वदेशी उत्पादन, स्थानीय उद्योग, कृषि र श्रमको सम्मान गर्ने संस्कार विकास गर्नुपर्छ । तिहारमा प्रयोग हुने फूलमाला, दियो, खाद्यान्न तथा अन्य सामग्री सकेसम्म स्वदेशी उत्पादनबाट उपयोग गर्नु राष्ट्रिय अर्थतन्त्रलाई सहयोग पुऱ्याउने व्यावहारिक कदम हुनसक्छ ।

अन्ततः तिहारलाई केवल दीपावली, पूजा, भोजभतेर र मनोरञ्जनको पर्वमा सीमित नराखौं । यसलाई श्रमको सम्मान, सामाजिक समानता, पारिवारिक सद्भाव, वातावरण संरक्षण, स्वदेशी उत्पादनको प्रवर्द्धन र सामाजिक रूपान्तरणको अवसर बनाऔं । अन्धविश्वासको अँध्यारो हटाएर वैज्ञानिक चेतनाको उज्यालो फैलाऔं । शोषण, विभेद र असमानताको अन्त्य गर्दै न्यायपूर्ण समाज निर्माणको सङ्कल्प गरौं । तिहारको वास्तविक उज्यालो घरका दियोमा मात्र होइन, जनताको जीवनमा सुख, समृद्धि, समानता र न्यायको उज्यालो फैलिनुमा निहित छ । यही सन्देशसहित सबैमा तिहारको शुभकामना !

# भोटेकोसी बाढीका बेपत्ताका परिवारमा अझै अन्योल, सास र लासको आशा पनि मर्दै

राँझा (बाँके) । रसुवाको भोटेकोसीमा आएको विनाशकारी बाढीमा आफन्त गुमाएका बाँकेका परिवारले बेपत्ताको सास वा लास भेटिने आशा क्रमशः मार्दै गएका छन् । बाढीमा आफन्त बेपत्ता भएको ७० दिन बितिसक्दा पनि कुनै खबर नआएपछि उनीहरू अन्योल र पीडामा छन् ।

गत भदौ १० गते भोटेकोसीमा आएको बाढीले बगाएर बेपत्ता पारेका आफन्तको अवस्था अझै अज्ञात रहेको नेपालगञ्ज उपमहानगरपालिका-२० थपुवाका अनलाल रोकायले बताउनुभयो । उहाँका दाजु, भाउजु र छोरा बाढीमा बेपत्ता भएका थिए ।

"७० दिनभन्दा बढी भयो, बेपत्ता भएका हाम्रा मान्छेको न त सास भेटिएको छ, न त लास नै । अब सास र लास भेटिने आशा मर्दै गएको छ", उहाँले भन्नुभयो, "डिएनए परीक्षणको रिपोर्ट पनि आएको छैन । सरकारले मृत्यु घोषणा गरिदिए मृत्यु संस्कार गर्ने सोच बनाएका छौं ।"

रसुवा भन्सार कार्यालयको टिमुरे क्षेत्रमा काम गर्दै आउनुभएका ५३ वर्षीय दाजु शेरसिंह रोकाय, ५६ वर्षीया भाउजु विष्णुमती रोकाय र उहाँहरूलाई भेट्न तथा गोसाइँ कुण्ड दर्शन गर्न पुगेका १९ वर्षीय छोरा दीपक रोकाय बाढीमा परी बेपत्ता हुनुभएको थियो ।

बुढेसकालको सहारा एक्लो छोरा र जीवनको आधार बनेका दाजु-भाउजु एकैपटक बेपत्ता भएपछि अनलाल र उहाँकी श्रीमती कर्णसरी रोकाय शोकमा छन् । लामो समयसम्म पनि आफन्तको अवस्था पत्ता नलाग्दा परिवारमा निराशा बढ्दै गएको छ ।

शव पहिचानका लागि डिएनए परीक्षणको नमुना दिएपछि आफन्तको अवस्था थाहा हुने आशा जागेको भए पनि अहिलेसम्म रिपोर्ट नआएको उहाँले बताउनुभयो । उहाँले नेपालगञ्जस्थित भेरी अस्पतालमा डिएनए परीक्षणका लागि नमुना दिनुभएको थियो ।

डिएनए परीक्षणको नतिजा र बेपत्ता व्यक्तिको अवस्थाबारे सरकारले आधिकारिक जानकारी नदिँदा परिवारले सामाजिक तथा धार्मिक संस्कार गर्न नसकेको उहाँको भनाइ छ । सरकारले मृत्यु भएको वा खोजी गर्दा पनि फेला पार्न नसकिएकोबारे आधिकारिक घोषणा गरेमा संस्कार गर्न सहज हुने उहाँले बताउनुभयो ।

सोही बाढीमा परी थपुवाका आराम दमाईं र उजना दमाईं पनि बेपत्ता हुनुभएको थियो । रोजीरोटीका लागि रसुवा पुग्नुभएका उहाँहरूका १६ वर्षीय छोरा सुभास नेपाली, ११ वर्षीय छोरा अश्विन र नौ वर्षीया छोरी स्मारिका आमाबुवा फर्किने आशामा दिन बिताइरहेका छन् ।

थपुवाका दुवै परिवारमा चाडपर्वसमेत शोकमा बितेका छन् । बेपत्ता परिवारको सामाजिक तथा धार्मिक संस्कार गर्न र उनीहरूमा रहेको अन्योल अन्त्य गर्न डिएनए परीक्षणको नतिजा शीघ्र सार्वजनिक गर्नुका साथै सरकारले आधिकारिक धारणा सार्वजनिक गर्नुपर्ने नेपालगञ्ज उपमहानगरपालिका-२० का कार्यवाहक वडाध्यक्ष चक्रबहादुर बुढाले बताउनुभयो ।

भोटेकोसी बाढीमा परी बाँकेका २३ जना अझै बेपत्ता रहेको बाँकेका प्रमुख जिल्ला अधिकारी दिलकुमार तामाङले जानकारी दिनुभयो । उहाँका अनुसार हालसम्म तीन जनाको शव पहिचान भई मृत्यु घोषणा गरिएको छ भने ३२ जनाको सकुशल उद्धार गरिएको छ ।

यसैबिच गत भदौ १० गतेको रसुवा-भोटेकोसी बाढीपछि बेपत्ता काभ्रेपलाञ्चोकका ३५ नागरिकको आधिकारिक विवरण स्वीकृत गरिएको छ ।

काभ्रेपलाञ्चोक विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिको बैठकले जिल्लास्थित स्थानीय तहबाट सिफारिस भई आएका विवरणलाई विपद् ऐनअन्तर्गत अन्तिम रूप दिएको हो ।

प्रक्रिया स्वीकृत गरिएका ३५ जना बेपत्ता नागरिकको विवरण रसुवा भोटेकोसी बाढीमा बेपत्ता व्यक्तिको आधिकारिक विवरण यकीन गर्ने प्रक्रिया बमोजिमको प्रक्रिया पूरागरी राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण र वाग्मती प्रदेशको आन्तरिक मामिला तथा कानुन मन्त्रालयमा पठाउने निर्णय गरिएको समितिका संयोजक एवं प्रमुख जिल्ला अधिकारी गोपालकुमार अधिकारीले जानकारी दिनुभयो ।

उहाँका अनुसार भोटेकोसी बाढीमा परी मृत्यु तथा बेपत्ता भएका जिल्लाका नागरिकको परिवारलाई सम्बन्धित स्थानीय तहले 'विपद् संवेदनशील सामाजिक सुरक्षा तथा राहत वितरण मापदण्ड, २०८१' बमोजिम यथाशीघ्र राहत उपलब्ध गराई जिल्ला प्रशासन कार्यालयमा सोधभर्ना माग गर्ने निर्णयसमेत गरिएको छ ।

भोटेकोसी बाढीबाहेक अन्य विपद्जन्य घटनामा परी बेपत्ता भएका तर मृत्युदर्ता हुन बाँकी रहेकाको हकमा वडा कार्यालयमार्फत निवेदन सङ्कलन गरी कार्यपालिकाको निर्णयसहित जिल्ला प्रशासन कार्यालयमा पेस गर्नुपर्ने व्यवस्था मिलाइएको छ ।

जिल्लास्थित १३ स्थानीय तहले 'रसुवा-भोटेकोसी बाढीमा बेपत्ता भएकाको आधिकारिक विवरण यकीन गर्ने प्रक्रिया, २०८३' अनुसार वडामार्फत वेपत्ता नागरिकको आधिकारिक विवरण माग गरी स्मितिमा पठाएका हुन् । यसका लागि जिल्ला प्रशासन कार्यालयले बाढीमा परी बेपत्ता भएका व्यक्तिहरूको आधिकारिक विवरण यकीन गर्न जिल्लास्थित स्थानीय तहलाई प्रक्रिया र समयसीमा यही कार्तिक १८ गतेसम्म तोकेको थियो ।

यस प्रक्रियाबाट बेपत्ता व्यक्तिहरूको आधिकारिक विवरण यकीन गरी उनीहरूको कानुनी अवस्था निर्धारण गर्ने बाटो खुल्ने बताइन्छ । नेपाल राजपत्रमा असोज २३ गते प्रकाशित विपद्सम्बन्धी केही नेपाल ऐन संशोधन गर्न बनेको अध्यादेश र विशेष प्रक्रिया, २०८३ अनुसार विवरण प्रमाणीकरणको काम अघि बढाइएको हो ।

त्यसैगरी, अध्यादेश र विशेष प्रक्रियाअनुसार स्थानीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिको निर्णयसहित कार्तिक १८ भित्र विवरण जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिमा पेस गर्नुपर्ने समयसीमा तोकिएको थियो ।

विभिन्न काम एवं भ्रमणका सिलसिलामा त्यहाँ पुगेका जिल्लाका बेपत्ता नागरिकको कानुनी अवस्था यकीन गर्न सरकारले जारी गरेको विशेष प्रक्रियाअनुसार विवरण सङ्कलन तथा प्रमाणीकरण गरिएको प्रजिअ अधिकारीको भनाइ छ ।

काभ्रेपलाञ्चोक प्रशासनको गत असोज २७ गतेको बैठकले राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले निर्धारण गरेको प्रक्रियाअनुसार बेपत्ता व्यक्तिको प्रक्रिया अघि बढाउने निर्णय गरेको थियो । कार्यालयका अनुसार बाढीमा परी चार जनाको मृत्यु पुष्टि भइसकेको छ भने त्यसबेला बेपत्ता भएका चार जना परिवारको सम्पर्कमा आएका थिए । ***(रासस)***

**नयाँ...**
एस.एन.सी.यू. सेवा सञ्चालनले नवजात शिशुको उपचारमा महत्त्वपूर्ण टेवा पुग्ने बताउनुभयो । अस्पतालले विकासको क्रममा धेरै प्रगति गरिसकेको उल्लेख गर्दै उहाँले एकपछि अर्को सेवा थप्दै जनतालाई सहज स्वास्थ्य सेवा प्रदान गर्ने प्रयास भइरहेको बताउनुभयो । अस्पताल राम्रो हुन भवन र उपकरण मात्र पर्याप्त नहुने बताउँदै चिकित्सक तथा कर्मचारीमा संस्थाप्रतिको अपनत्व र सेवाभाव हुनुपर्ने उहाँले धारणा राख्नुभयो ।

कार्यक्रममा ख्वप अस्पतालका बालरोग विशेषज्ञ डा. विजयकुमार चिकंबन्जार, ख्वप तिलगंगा आँखा अस्पतालका व्यवस्थापक डा. धीरज अधिकारी, ल्याब इन्चार्ज मञ्जु व्याञ्जु, फिजियोथेरापी इन्चार्ज निर्मल प्रजापति र वार्ड इन्चार्ज सुजना बासुकलाले पनि बोल्नुभएको थियो ।

कार्यक्रममा अस्पतालका कर्मचारीहरूले सांस्कृतिक प्रस्तुतिसमेत गरेका थिए ।

**देशको...**
पार्टीले सरकारी अधिकारीहरू फेरबदलबारे निर्देशन दिँदैन, औचित्यअनुसार सरकार आफैले गर्छ । तर, बहुदलीय व्यवस्थामा सरकारको जस अपजस पार्टीमा आउने हुँदा अन्ततः पार्टी नै जवाफदेही हुने बताउनेहरू पनि छन् । - 'बिचौलिया' इनम सापकोटालाई सरकारले पक्राउ गरेर थुनामा राखेको छ । कतिपयले उनलाई 'बालेन टिमकै सदस्य' पनि दाबी गर्छन् । इनमको मोबाइल प्रहरीको फेरन्सिक विभागमा पुग्नुअगाडि दुई दिनसम्म प्रधानमन्त्रीका सल्लाहकारसँग राखिएका समाचार प्रकाशित भएपछि रास्वपाका नेताहरू एकपछि अर्को फस्ने हुँदा प्रहरी महानिरीक्षक बदलिएको पनि सार्वजनिक भयो । गत फागुन २१ को चुनावमा दाङ २ मा अनन्तराज घिमिरेलाई उठाउन इनमले बालेन सल्लाहकारलाई मेसेज गरेको पनि बाहिरियो । कार्की आफ्नो पुनःबहालीको लागि सर्वोच्च अदालतमा पुगेको र २०५४ सालमा प्रहरी महानिरीक्षक अच्युतकृष्ण खरेललाई पदमुक्त गरेर ध्रुवबहादुर प्रधानलाई नियुक्ति गरिएकोलाई सर्वोच्चले खारेज गरेको थियो । के अब कार्की प्रहरी महानिरीक्षकमा फर्कने छन् ?

**सबैमा...**
अन्तर्राष्ट्रिय धर्म निर्वाह गरेको छ । कम्युनिस्ट पार्टी, कम्युनिस्टप्रति आस्था राख्ने पत्रिका, बुद्धिजीवी, लेखक, समालोचक, देशभक्तहरू अन्तर्राष्ट्रवादी हुन्छन् । उनीहरूले आफ्नो कर्तव्य निर्वाह गर्नुपर्छ ।

स्वाधीनता र सार्वभौमसत्ताको सुरक्षाको निम्ति भएको देश विदेशका आन्दोलन र सङ्घर्षबारे लेख लेख्ने, अनुवाद गर्ने, पाठकपत्र पठाउने, लेखक, समालोचक, बुद्धिजीवीहरूको सहयोग विगतमा झैं निरन्तर पाइरहने हाम्रो विश्वास छ । पत्रिकामा आबद्ध, पत्रिकासित सम्बन्धित सबै लेखक, समालोचक, राजनीतिज्ञ, संवाददाता, फोटोग्राफर, विज्ञापनदाता, हकर्स, पत्रिका बिक्रेता, पाठक, विभिन्न सङ्घसंस्था, समाजसेवी, व्यापारी, व्यवसायी, मजदुर, किसान, युवा, महिला, शिक्षक, विद्यार्थी, कर्मचारी, शुभेच्छुक साहित्यकारलगायत सबैको साथ र सहयोग पाइरहनेछ । नयाँ वर्ष नेपाल संवत् ११४७ को अवसरमा पत्रिकालाई साथ र सहयोग गर्ने सबैमा 'मजदुर' दैनिक सुख, शान्ति र समृद्धिको कामना गर्दछ ।

## उज्यालो बचत तथा ऋण सहकारी संस्था लि.
सूर्यविनायक, भक्तपुर, फोन नं.: ०१-६६१२३६२

### १३औँ वार्षिक साधारणसभासम्बन्धी सूचना

संस्थाको सञ्चालक समितिको मिति २०८३/०७/१४ गते बसेको बैठकको निर्णयअनुसार, संस्थाको **१३औँ वार्षिक साधारणसभा** निम्नलिखित प्रस्तावहरूउपर छलफल तथा निर्णय गर्न निम्न मिति, समय र स्थानमा बस्ने भएको हुँदा यहाँको गरिमामय उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछ ।

**साधारणसभा हुने मिति, स्थान र समय :**
**मिति :** २०८३/०८/१९ गते, शनिबार
**स्थान :** संस्थाको कार्यालय, सूर्यविनायक, भक्तपुर
**समय :** बिहान १०:०० बजेदेखि ३:०० बजेसम्म

**साधारणसभामा छलफल तथा निर्णयको लागि प्रस्तुत हुने विषयहरू :**
१) सञ्चालक समितिको तर्फबाट प्रस्तुत अध्यक्षयको आ.व. २०८२/०८३ को वार्षिक प्रतिवेदन र आ.व. २०८३/०८४ को वार्षिक कार्यक्रम तथा अनुमानित आयव्यय प्रतिवेदन सम्बन्धमा ।
२) आ.व. २०८२/०८३ को लेखापरीक्षण प्रतिवेदनउपर छलफल तथा पारित गर्ने सम्बन्धमा ।
३) आ.व. २०८३/०८४ को लेखापरीक्षण गर्नको लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
४) सञ्चालक समिति तथा उपसमितिका पदाधिकारीहरूको राजीनामा स्वीकृत गर्ने र उक्त पदमा बाँकी अवधिको लागि पुनः निर्वाचन गर्ने सम्बन्धमा ।
५) १३ औँ साधारणसभाको निर्णयपुस्तिका प्रमाणित गर्न प्रतिनिधि मनोनयन गर्ने सम्बन्धमा ।
६) संस्थाको विभिन्न नीति र कार्यविधिबारे छलफल गरी पारित गर्ने सम्बन्धमा ।
७) विविध ।

## बेखाल बचत तथा ऋण सहकारी संस्था लि.
बेखाल-१०, भक्तपुर , फोन नं.: ६६१४२८३

### १९औँ वार्षिक साधारणसभासम्बन्धी सूचना

यस संस्थाको २०८३ असोज १४ गतेको सञ्चालक समितिको बैठकको निर्णयअनुसार संस्थाको **१९औँ वार्षिक साधारणसभा** निम्न मिति, समय र स्थानमा हुने भएकोले उपस्थितिका लागि सम्पूर्ण शेयर सदस्यहरूमा हार्दिक अनुरोध गर्दछ ।

**कार्यक्रम**
**मिति :** २०८३/०८/०५ गते, शनिबार
**स्थान :** कमलविनायक-१० (यातु गणेश मन्दिर परिसर), भक्तपुर
**समय :** दिनको १०:०० बजे

**छलफलका विषयहरू :**
१. आ.व. २०८२/८३ को सञ्चालक समितिको प्रगति प्रतिवेदन ।
२. आ.व. २०८२/८३ को आयव्यय विवरणबारे ।
३. आ.व. २०८३/८४ को अनुमानित बजेट ।
४. आ.व. २०८२/८३ को लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन ।
५. आ.व. २०८२/८३ को बाह्य लेखापरीक्षण प्रतिवेदन ।
६. आ.व. २०८३/८४ का लागि बाह्य लेखापरीक्षक नियुक्ति तथा पारिश्रमिक निर्धारण सम्बन्धमा ।
७. आ.व. २०८२/८३ को शेयर लाभांश तथा संरक्षित पुँजी फिर्ता कोष वितरण सम्बन्धमा ।
८. १९ औँ वार्षिक साधारणसभाको माइन्युट प्रमाणित गर्न प्रतिनिधि चयन ।
९. संस्थाको विनियम संशोधनबारे ।
१०. विविध ।

**(नोट : कार्यक्रममा उपस्थित हुँदा पासबुक अथवा परिचयपत्र अनिवार्य साथमा ल्याउनुहोला ।)**

**सञ्चालक समिति**

## सिद्धि गणेश कर्नर
हरेक मङ्गलबार र शुक्रबार संस्थासम्बन्धी जानकारीका लागि पढ्ने गरौं ।

### विद्यार्थी मार्गनिर्देशन कार्यक्रमसम्बन्धी सूचना

शैक्षिक सत्र २०८२/०८३ मा SEE/SLC **परीक्षा उत्तीर्ण भएका संस्थाका बाल बचतकर्ता विद्यार्थीहरू** र **दस जोड दुई** (+2) **र स्नातक** (Bachelor) **परीक्षामा उत्तीर्ण भएका संस्थाका सदस्य एवं सदस्य परिवारका विद्यार्थीहरूलाई मङ्सिर १२ गते मार्गनिर्देशन कार्यक्रम हुने** व्यहोरा जानकारी गराउँदै **मिति २०८३/०८/०४ गतेभित्र** आफ्नो चारित्रिक प्रमाणपत्र (Character Certificate) र लब्धाङ्क (Gradesheet) पत्रसहित निवेदन दिन सम्बन्धित सम्पूर्णमा सूचित गराइन्छ ।

**पुनश्च :** SEE **परिक्षामा सार्वजनिक विद्यालय र निजी विद्यालयका ३/३ जना उत्कृष्ट अङ्कका साथ उत्तीर्ण भएका विद्यार्थीहरू तथा उच्च मा.वि. (+2) परीक्षामा उत्कृष्ट अङ्कका साथ उत्तीर्ण भएका, विज्ञान तथा प्रविधि सङ्कायबाट १ जना, व्यवस्थापन सङ्कायबाट १ जना, शिक्षा सङ्कायबाट १ जना, मानविकी सङ्कायबाट १ जना र कानुन सङ्कायबाट १ जना गरी ५ जना विद्यार्थीलाई रू. ५०००।- नगद पुरस्कारको पनि व्यवस्था गरिएको छ ।**

### अनिवार्य शिक्षा शिविरसम्बन्धी सूचना

यस उपसमितिको आयोजनामा देहायका मिति, समय र स्थानमा **अनिवार्य शिक्षा शिविर** सञ्चालन हुने व्यहोरा सम्बन्धित सम्पूर्णमा सूचित गराइन्छ ।

**अनिवार्य शिक्षा शिविर कार्यक्रम**
मिति : २०८३ कार्तिक २१ गते, शनिबार
समय : बिहान ७:०० बजेदेखि
स्थान : सिद्धि गणेश तालिम हल, खँचा

**शिक्षा उपसमिति**

'सर्वोत्कृष्ट वित्तीय समाधानका लागि सिद्धि गणेश'
**सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.**
भ.न.पा.-७, चोर्चा, भक्तपुर, फोन: ६६१३२०१, ६६२१२०१, सेवा केन्द्रायातुगणेश-६६१९५४०, तेखापुखु-६६२१२००), स्वास्थ्य क्लिनिक-६६२१२०५
Website : www.sgsaccos.com.np, E-mail : sgsaccos@hotmail.com
ACCESS BRONZE

## हार्दिक समवेदना



**जन्म**
**१९९८/०२/३१**

**स्वर्गारोहण**
**२०८३/०७/११**

**मिश्री दुमरू**

यस स्टार थर्टी थ्री इन्भेस्टमेन्ट प्रा.लि.का शेयर सदस्य रामकृष्ण दुमरूकी ममतामयी आमा **मिश्री दुमरू**को दुःखद निधन भएको आज दसौँ दिनको पुण्यतिथिमा दिवङ्गत आत्माप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौँ ।

**स्टार थर्टी थ्री इन्भेस्टमेन्ट प्रा. लि.**
महालक्ष्मीस्थान, भक्तपुर

| | | | |
|---|---|---|---|
| गणेशमान वातांकछी | हरिगोविन्द राजचल | लक्ष्मीप्रसाद अवाल | न्हुछेराम अवाल |
| कृष्णप्रसाद दुवाल | राम अवाल | सिद्धिराम राजचल | पूर्णकुमार गपी |
| गणेशभक्त वातांकछी | मोहलाल दुवाल | कृष्णभक्त दुवाल | सत्यकुमार दुवाल |
| कान्छा सुवाल | कृष्णराम दुवाल (सानो) | कृष्णभगत देउपाला | बिकुनारां चोकामी |
| रामभक्त अवाल | राधेश्याम अवाल (महेन्द्र) | महेश मानन्धर | रोशनकुमार अवाल |
| केशवभक्त सुवाल | पुरुषोत्तम सुवाल | विजय सुवाल | कृष्णराम देउपाला |
| गणेशमान दुवाल | सीताराम अवाल | पूर्णभक्त दुवाल | गणेशबहादुर दुवाल |
| कृष्णराम दुवाल (ठुलो) | लक्ष्मीसुन्दर अवाल | पुण्यराम दुवाल | उमेश अवाल |

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु ★ सम्पादक: चक्रबहादुर चाकतु ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा